# प्रदेश पर्यटन ऐन, २०७८

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश पर्यटन ऐन, २०७८

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>

२०७९।०१।०७

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| प्रदेश आर्थिक ऐन, २०७९ | २०७९।०३।३१ |
| प्रदेश आर्थिक ऐन, २०८० | २०८०।०३।३१ |

संवत् २०७८ सालको ऐन नं. ५

## प्रदेश पर्यटन विकास सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रदेशभित्रका कला, संस्कृति, सम्पदा संरक्षण, सम्बर्द्धन, पर्यटकीय क्षेत्र एवं धार्मिक, सांस्कृतिक, ऐतिहासिक लगायतका पर्यटकीय महत्वका विषय र गतिविधिको पहिचान, व्यवस्थापन एवं प्रवर्द्धन गरी प्रदेशलाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न, प्रदेशभित्र घुम्न आउने आन्तरिक र बाह्य पर्यटकलाई सरल, सहज तथा गुणस्तरीय सेवा प्रदान गर्न तथा निजी क्षेत्रको सहकार्यमा पर्यटनमैत्री वातावरण निर्माणका साथै पर्यटनलाई समृद्धिको महत्वपूर्ण आधारको रूपमा विकास गरी नागरिकको जीवन स्तरमा सुधार गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

बागमती प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश पर्यटन ऐन, २०७८" रहेको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "इजाजत दिने निकाय" भन्नाले मन्त्रालय वा कार्यालय वा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकी दिएको निकाय सम्झनु पर्छ।

(ख) "इजाजत पत्र (अनुमति पत्र)" भन्नाले यस ऐन बमोजिम पर्यटन व्यवसाय/उद्योग गर्न वा पथप्रर्दशक (गाइड) को काम गर्न दिइने इजाजत पत्र सम्झनु पर्छ।

(ग) "उचाईमा जाने श्रमिक" भन्नाले आधार शिविरभन्दा माथि आवश्यक मालसामान लैजाने ल्याउने पर्यटन श्रमिक सम्झनु पर्छ।

(घ) "उद्योग/व्यवसाय सङ्घ" भन्नाले उद्योगी/व्यवसायीको छाता सङ्गठन सम्झनु पर्छ। यो शब्दले विषयगत सङ्घलाई समेत जनाउँछ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालय, मन्त्रालय अन्तर्गतका पर्यटन कार्यालय र प्रदेश सरकारले पर्यटन सम्बन्धी सेवा दिने भनी तोकेका अन्य कार्यालय समेतलाई जनाउँछ।

(च) "घरबास (होमस्टे)" भन्नाले स्थानीय मौलिक संस्कृति, परम्परा झल्कने गरी आवास, स्थानीय परिकार र मनोरञ्जन समेत प्रदान गर्ने उद्देश्यले ग्रामीण क्षेत्रमा आफ्नै घरमा व्यक्तिगत वा सामूहिक रूपमा सञ्चालन गरिएको व्यवसाय सम्झनु पर्दछ।

(छ) "जलयात्रा एजेन्सी" भन्नाले जलयात्रा व्यवसाय गर्नको लागि इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) "जलयात्रा पथप्रर्दशक (रिभर गाइड)" भन्नाले जलयात्रा टोलीलाई जलयात्रामा सहयोग गर्ने कामको लागि ऐन बमोजिम इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(झ) "जलयात्रा" भन्नाले कायक, क्याटाऱ्याफ्ट, मोटरबोट, पानी जहाज, डुङ्गा, नाउ वा अन्य यस्तै प्रकृतिका नदीमा तैरिने ऱ्याफ्टिङ लगायतका मनोरञ्जनात्मक गतिविधि, जलयात्राको साधन प्रयोग गरी मनोरञ्जन, प्राकृतिक वा सांस्कृतिक दृश्यावलोकनको लागि नदीमा गरिने यात्रा सम्झनु पर्छ।

(ञ) "जलयात्री" भन्नाले एक वा एकभन्दा बढी सदस्य भएको जलयात्रा गर्ने व्यक्ति वा व्यक्तिहरुको टोली सम्झनु पर्छ।

(ट) "ट्राभल एजेन्सी" भन्नाले आन्तरिक तथा वाह्य पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई स्वदेश तथा विदेशमा भ्रमण, बसोबास तथा विभिन्न स्थानहरुमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने र हवाई टिकट, बस टिकट तथा ट्रेन टिकट लगायत अन्य सवारी साधनको व्यवस्था गर्न, पर्यटकीय प्रवेशाज्ञा (भिषा) को व्यवस्थाको लागि काम गर्न तथा पर्यटकीय यातायात सञ्चालन गर्न इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्दछ।

(ठ) "ट्रेकिङ्ग एण्ड माउन्टेनियरिङ्ग एजेन्सी" भन्नाले पर्यटक वा अन्य व्यक्तिहरुलाई विविध प्राकृतिक एवं सांस्कृतिक दृश्यावलोकनको लागि भ्रमण, बसोबास सम्बन्धी प्रबन्ध मिलाउने उद्देश्यले शुल्क लिई विभिन्न पर्वतीय स्थानहरुमा पदयात्रा, रमाइलो ट्रेकिङ्ग दौड, माउन्टेन बाइकीङ्ग, स्मृति

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

दौड, आधार शिविर वरपर हुने म्याराथुन दौड, विशेष पर्व तथा दिनहरुको सम्झनामा गरिने ट्रेकिङ्ग दौड, म्याराथुन दौड तथा पर्वतारोहण गराउने इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।

(ड) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ढ) “नेपाली पर्यटक” भन्नाले नेपालको एक स्थानबाट अर्को स्थानमा पर्यटकीय उद्देश्यले भ्रमण गर्ने नेपाली नागरिक सम्झनु पर्छ।

(ण) “पथप्रर्दशक (गाइड)” भन्नाले पारिश्रमिक लिई पर्यटकको साथमा रहने गरी धार्मिक पथप्रर्दशक (रिलिजियस गाइड), पदयात्रा प्रदर्शक (ट्रेकिङ्ग गाइड), पर्वतीय पथप्रर्दशक (माउन्टेन गाइड), धार्मिक-सांस्कृतिक पथप्रर्दशक (कल्चरल गाइड), जलयात्रा पथप्रर्दशक (रिभर गाइड), छाँगो रोहण पथप्रर्दशक (क्यानोनिङ्ग गाइड), सफारी पथप्रर्दशक (सफारी गाइड), सम्पदा पथप्रर्दशक (हेरिटेज गाइड), स्थानीय पथप्रर्दशक वा अन्य पर्यटन गतिविधि सम्बन्धी विभिन्न जानकारी गराउन पथप्रदर्शनको लागि काम गर्न मान्यता प्राप्त संस्थाबाट तालिम लिई इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ। यो शब्दले प्रमुख पथप्रर्दशक (मेन गाइड) समेतलाई जनाउँछ।

(त) “पदयात्रा पथप्रर्दशक (ट्रेकिङ्ग गाइड)” भन्नाले पदयात्रा क्षेत्रमा भ्रमण गर्न आउने पर्यटकलाई पदयात्रामा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पथप्रदर्शनको काम गर्न मान्यता प्राप्त संस्थाबाट तालिम लिएको इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(थ) "पर्यटक यातायात एजेन्सी" भन्नाले कुनै पनि स्वदेशी वा विदेशी पर्यटकको सवारीका लागि शुल्क लिई पर्यटक यातायात सञ्चालन गर्न गराउन इजाजत प्राप्त तोकिएको मापदण्ड बमोजिमको सवारी साधन उपलब्ध भएको फर्म वा कम्पनी सम्झनु पर्छ।

(द) "पर्यटक यातायात" भन्नाले पर्यटकको सवारीका लागि प्रचलित कानून बमोजिम दर्ता भएको तोकिएको मापदण्ड बमोजिमको सवारी साधन सम्झनु पर्छ। यो शब्दले पर्यटकको सामान ओसार्ने सवारी साधन समेतलाई जनाउँछ।

(ध) "पर्यटक" भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैर नेपाली नागरिकलाई सम्झनु पर्छ र सो शब्दले प्रदेशभित्र पर्यटकीय उद्देश्यले भ्रमण गर्ने नेपाली नागरिक समेतलाई जनाउँछ।

(न) "पर्यटन एजेन्सी" भन्नाले पर्यटकीय गतिविधि सञ्चालन गर्न दफा १२ बमोजिम इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ।

(प) "पर्वतारोहण" भन्नाले पथप्रर्दशक (गाइड) को सहायता लिई इजाजत प्राप्त हिमालमा पर्वतारोहण सम्बन्धी क्रियाकलाप सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(फ) "पर्वतीय पथप्रर्दशक (माउण्टेन गाइड)" भन्नाले आधार शिविरभन्दा माथि आरोहीहरूसँग आरोहणमा पर्वतीय पथप्रर्दशक (माउन्टेन गाइड) को काम गर्ने, तोकिए बमोजिमको योग्यता तथा तालिम लिएको इजाजत प्राप्त पथप्रर्दशक (गाइड) सम्झनु पर्छ।

(ब) "प्रदेश पर्यटन विकास समिति" भन्नाले पर्यटन क्षेत्रको विकास एवं प्रवर्द्धनका लागि यस ऐन बमोजिम गठन गरिएको प्रदेश पर्यटन विकास समिति सम्झनु पर्छ।

(भ) "प्रदेश सरकार" भन्नाले बागमती प्रदेश सरकार सम्झनु पर्छ।

(म) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(य) "प्रमुख पर्वतीय पथप्रर्दशक (माउण्टेन लिडर)" भन्नाले स्थानीय श्रमिकहरुको बन्दोबस्त गर्ने, आधार शिविर तथा उचाईमा जाने श्रमिकहरुको नेतृत्व गर्ने, पर्वतीय प्रमुख पथप्रर्दशकको काम गर्न इजाजत प्राप्त पथप्रर्दशक (गाइड) सम्झनु पर्छ।

(र) "मनोरञ्जनात्मक पर्यटन" भन्नाले केबलकार, एम्यूज्मेन्ट पार्क, फन पार्क, वाटर फन पार्क तथा अन्य मनोरञ्जन पार्क लगायतका क्रियाकलापहरु सम्झनु पर्छ।

(ल) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकारको पर्यटन हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(व) "सम्पदा" भन्नाले प्रदेशको प्राकृतिक वा मानव निर्मित सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिकोणबाट

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

मानव जातिका लागि महत्त्वपूर्ण मानिने कुनै पनि वस्तु, स्थल, नदीनाला, वनस्पति तथा जीवजन्तु सम्झनु पर्छ।

(श) "सम्पर्क व्यक्ति" भन्नाले स्की तथा हिमतालमा डाइभिङको लागि मान्यता प्राप्त संस्थाबाट तालिम लिई सम्पर्क व्यक्तिको रूपमा काम गर्न इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ष) "सांस्कृतिक पथप्रर्दशक (कल्चरल गाइड)" भन्नाले सांस्कृतिक सम्पदा क्षेत्रमा भ्रमण गर्न आउने पर्यटकहरुको टोलीलाई सांस्कृतिक सम्पदा यात्रामा पथ प्रदर्शन गर्न इजाजत प्राप्त सांस्कृतिक पथप्रर्दशक सम्झनु पर्छ।

(स) "साहसिक पर्यटन एजेन्सी" भन्नाले स्कीई तथा हिमतालमा डाईभिङ्ग गतिविधि सञ्चालन गर्नको लागि इजाजत प्राप्त फर्म वा कम्पनी सम्झनु पर्छ। अनुमति दिने निकायबाट अनुमति लिएर साहसिक पर्यटन सम्बन्धी अन्य कार्य गर्न सक्नेछ।

(ह) "साहसिक पर्यटन" भन्नाले स्किइङ्ग, र्‍याफ्टिङ्ग, हिमतालमा डाईभिङ्ग, हेली स्किइङ्ग, जीप फ्लायर, प◌ारामोटरिङ्ग, बन्जि जम्पिङ्ग, क्यानोनिङ्ग, हेलि डाइभिङ्ग, स्काई डाइभिङ, प्याराग्लाईडिङ, बलुनिङ, क्यानोपि वाकिङ्ग, रक क्लाइम्बिङ्ग, माउन्टेन बाइकिङ्ग लगायत अन्य यस्तै गतिविधि सम्झनु पर्छ।

(क्ष) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय बागमती प्रदेश

(त्र) “स्थानीय पथप्रर्दशक (लोकल गाइड)” भन्नाले स्थानीय क्षेत्रमा पथप्रदर्शनको लागि स्थानीय तहबाट इजाजत प्राप्त संस्थाद्वारा सञ्चालित तालिम/प्रशिक्षणमा उतीर्ण भई स्थानीय क्षेत्रमा पथप्रदर्शनको लागि स्थानीय तहबाट इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ज्ञ) “होटल” भन्नाले यस ऐन बमोजिम दर्ता भई सञ्चालन हुने होटल सम्झनु पर्छ।

## परिच्छेद- २

## <u>होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार सम्बन्धी व्यवस्था</u>

३. **<u>सञ्चालन गर्न इजाजत लिनु पर्नेः</u>** (१) कसैले होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार सञ्चालन गर्न चाहेमा यस ऐन बमोजिम इजाजत लिनु पर्नेछ।

(२) कुनै व्यक्ति वा फर्म वा कम्पनीले आफ्नो होटल, तारे(स्टार) होटल,पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारलाई पर्यटक स्तरमा दर्ता गराउन मन्त्रालय वा कार्यालय समक्ष तोकिएको वर्गीकरणमा दर्ता हुने गरी दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम दरखास्त प्राप्त भएपछि कार्यालयले आवश्यक जाँचबुझ गरी तीस दिनभित्र तोकिएको वर्गीकरणमा दर्ता गरी दर्ता प्रमाणपत्र दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता प्रमाणपत्र दिनु पूर्व निवेदनसाथ संलग्न विवरणमा थप व्यहोरा खुलाउनु पर्ने भए खुलाउन

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लगाउन वा थप कागजपत्र आवश्यक भए त्यस्तो कागजपत्र दाखिला गराउन कार्यालयले पन्ध्र दिनको म्याद दिई आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको आदेश भएमा आदेश बमोजिमको विवरण वा कागजपत्र प्राप्त भएको एक्काइस दिनभित्र र आदेश दिनु नपर्ने भए निवेदन परेको मितिले तीस दिनभित्र त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको लागि कार्यालयले अनुसूची-१ बमोजिमको शुल्क लिएर दर्ता गरी अनुसूची- २ बमोजिमको इजाजत पत्र दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम दर्ता गरी इजाजत पत्र दिन नसकिने भए त्यस्तो आधार र कारण खुलाई दर्ता गर्न नमिल्ने व्यहोराको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(७) यो ऐन प्रारम्भ हुनु अगाडि प्रचलित कानून बमोजिम इजाजत प्राप्त होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार यसै ऐन अन्तर्गत इजाजत प्राप्त लिएको मानिनेछ।

(८) यो ऐन प्रारम्भ हुनु अघि रात्रिकालीन बासको सुविधा प्रदान गर्ने गरी स्थापना भइसकेका प्रदेशभित्रका कुनै पनि होटल यो ऐन लागु भएको छ महिनाभित्र प्रदेश पर्यटन हेर्ने सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ।

४. <u>उपलब्ध हुनु पर्ने सुविधा र स्तर निर्धारण</u>: (१) होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारमा तोकिए बमोजिमको सुविधा उपलब्ध हुनु पर्नेछ।

(२) कार्यालयले होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारलाई त्यसमा रहेको सुविधाको आधारमा वर्गीकरण गरी स्तर निर्धारण गर्नेछ।

(३) उपदफा (२) बमोजिम वर्गीकरण गरी स्तर निर्धारण गर्ने सम्बन्धमा सुझाव दिनको लागि मन्त्रालयले यो ऐन लागु भएको तीन महिनाभित्र बढीमा एक महिनाको अवधि तोकी अध्यक्ष सहित होटल सङ्घ, रेष्टुरेन्ट सङ्घका प्रतिनिधि र विज्ञ समेत रहने गरी बढीमा सात सदस्यीय स्तर निर्धारण समिति गठन गर्नेछ। स्तर निर्धारण समितिबाट प्राप्त सुझावका आधारमा एक महिनाभित्र मन्त्रालयले स्तर निर्धारण गरी कार्यान्वयन गर्नेछ।

५. **निरीक्षण, अनुगमन वा परीक्षण गर्ने अधिकार**: (१) विषयगत सङ्घले आफ्ना सदस्यहरुको निरीक्षण गर्नेछ र सो को प्रतिवेदन सम्बन्धित कार्यालय र मन्त्रालयमा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्ने छ।

(२) उपदफा (१) बमोजिमको निरीक्षण गर्दा तोकिएको स्तर बमोजिमको खाद्य पदार्थ र सेवा सुविधा नपाइएमा सुधार गर्न तीन महिनासम्मको म्याद दिन सक्नेछ।

(३) मन्त्रालयले दफा ३ बमोजिम दर्ता भएको होटल, तारे (स्टार) होटल,पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको आकस्मिक अनुगमन गर्न र त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र सेवा सुविधाको अनुगमन गर्न प्रशिक्षण/तालिम प्राप्त कर्मचारीलाई अनुगमन अधिकारी तोक्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) उपदफा (३) बमोजिमको अनुगमन अधिकारीलाई सम्बन्धित विषयको प्रशिक्षण/तालिमको व्यवस्था मन्त्रालयले गर्नेछ।

(५) उपदफा (३) बमोजिम कुनै होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको आकस्मिक अनुगमन गर्दा वा त्यसमा प्रयोग गरिने खाद्य पदार्थ र सेवा सुविधा परीक्षण गर्दा तोकिएको स्तर बमोजिम नपाइएमा अनुगमन अधिकारीले त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारलाई खाद्य पदार्थका हकमा बढीमा सात दिन र अन्य सेवा सुविधाको हकमा तोकिएको स्तर कायम गराउन तीस दिनको म्याद नबढ्ने गरी समय प्रदान गर्नु पर्नेछ।

(६) प्राप्त म्यादभित्र सुधार गर्नु पर्ने भनी उल्लेख भएका खाद्य पदार्थ बाहेकका विषयहरु पूर्ण रूपमा सुधार हुन नसकेमा म्याद समाप्त हुनु अगावै भएका प्रगति र सुधारका बाँकी कामका लागि आवश्यक पर्ने अवधिका लागि सम्बन्धित अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(७) उपदफा (५) र (६) बमोजिम म्याद दिँदा पनि तोकिएको स्तर कायम गर्न नसकेमा सम्बन्धित अधिकारीले त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको लागि स्वीकृत स्तरभन्दा तल्लो स्तरको वर्गिकरण तोक्न वा एक महिनासम्म निलम्बन गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम निलम्बन वा तल्लो स्तर कायम भएको होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले निलम्बन फुकुवा गरी साविकको स्तर कायम गरी पाउन निवेदन दिएमा निवेदन प्राप्त भएको मितिले तीस दिनभित्र कार्यालयले जाँचबुझ गरी तल्लो स्तरको वर्गीकरण कायम राख्ने वा निलम्बन फुकुवा गरी स्वीकृत स्तर कायम गर्ने सम्बन्धमा निर्णय गर्नु पर्नेछ।

(९) कार्यालयको निर्णय उपर चित्त नबुझेमा पैंतिस दिनभित्र मन्त्रालयमा पुनरावेदन दिन सक्नेछ।

६. **<u>मोलको सूचना प्रकाशित गर्नु पर्ने</u>**: दफा ३ बमोजिम इजाजत प्राप्त प्रत्येक होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले आफ्नो दर वा मूल्यको सूचना कार्यालय वा तोकिएको अधिकारी समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र वा त्यस्तो सेवा प्रदायकले मोल परिवर्तन गरेको सात दिनभित्र पठाई नियमित रूपमा प्रकाशन गरी प्रचार समेत गर्नु पर्नेछ।

७. **<u>होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार उपर बन्देज</u>**: दफा ३ बमोजिम दर्ता नभएको होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले देहायको कुनै काम गर्न गराउन पाउने छैनः-

(क) होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार भन्ने अर्थ लाग्ने गरी कुनै शब्द वा चिन्ह आफ्नो साइनबोर्ड, विज्ञापन वा कारोबारमा प्रयोग,

वा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) पर्यटकको बसोबास वा खानपिनको प्रबन्धको निमित्त विदेशमा सम्पर्क वा विज्ञापन।

८. **<u>अनुगमन, निरीक्षण र परीक्षणका लागि विशेष संयन्त्र सम्बन्धी व्यवस्थाः</u>** (१) प्रदेश सरकार, मातहतको निकायबाट इजाजत लिई सञ्चालन हुने पर्यटन उद्योग/व्यवसायको अनुगमन, निरीक्षण र परीक्षणका लागि प्रदेश सरकारले विशेष संयन्त्र निर्माण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्माण हुने संयन्त्रको नाम तथा काम, कर्तव्य र अधिकार प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

९. **<u>इजाजत पत्रको अवधि र नवीकरणः</u>** (१) होटल, तारे (स्टार) होटल,पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ। इजाजत पत्र नवीकरण गराउन चाहनेले इजाजत पत्रको अवधि समाप्त हुनु अगावै अनुसूची- १ बमोजिमको नवीकरण शुल्क तिरी नवीकरण गराउनु पर्नेछ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि प्रचलित कानून बमोजिम इजाजत प्राप्त होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले यो ऐन लागु भएको मितिले एक वर्षभित्र नवीकरण गराउनु पर्नेछ।

तर यो ऐन प्रारम्भ हुँदा कुनै होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारले इजाजत पाएको अवधि पाँच वर्षभन्दा कम भएमा पाँच वर्षको अवधि व्यतित भएको मितिले एक वर्षभित्र नवीकरण गराउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) र (२) बमोजिमको म्यादभित्र कसैले इजाजत पत्र नवीकरण नगराएमा प्रत्येक वर्षको लागि नवीकरण शुल्कको दोब्बर शुल्क तिरी पाँच वर्षभित्र इजाजत पत्र नवीकरण गराउन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगराएमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ। यसरी इजाजत नवीकरण नगरी रद्द भएमा त्यस्तो होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारको प्रोप्राइटर वा कुनै पनि साझेदार भएको व्यक्तिको नामबाट एक वर्षसम्म पुनः सोही नाम वा अन्य नामबाट इजाजत दिइने छैन।

१०. **<u>घरबास (होमस्टे) दर्ता, सञ्चालन र नियमन सम्बन्धी व्यवस्था</u>**: (१) कुनै व्यक्ति वा समुदायले होमस्टे सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहमा दर्ता गराएर मात्र सञ्चालन गर्नु पर्नेछ।

(२) घरबास (होमस्टे) को दर्ता, सञ्चालन लन र नियमन सम्बन्धी व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुनेछ।

(३) घरबास (होमस्टे) सञ्चालन लन गर्न पाउने क्षेत्र सम्बन्धमा विवाद उत्पन्न भएमा मन्त्रालयले निर्णय गर्नेछ।

## परिच्छेद- ३

## <u>एजेन्सी सञ्चालन इजाजत र नवीकरण सम्बन्धी व्यवस्था</u>

११. **<u>इजाजत लिई एजेन्सी सञ्चालन गर्न सक्ने:</u>** प्रचलित कानून बमोजिम दर्ता भएका फर्म वा कम्पनीले एजेन्सी सञ्चालन गर्नका लागि कार्यालयबाट इजाजत लिई देहाय बमोजिमका एजेन्सी खोल्न सक्ने छन्।

(क) पर्यटन जलयात्रा एजेन्सी,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(ख) ट्राभल एजेन्सी,

(ग) पर्यटक यातायात एजेन्सी,

(घ) ट्रेकिङ्ग/माउन्टेनियरिङ्ग एजेन्सी,

(ङ) साहसिक पर्यटन एजेन्सी।

१२. **<u>फर्म वा कम्पनी दर्ता हुनु पर्ने</u>:** (१) प्रदेशभित्र एजेन्सी सञ्चालन गर्न इजाजत लिन चाहनेले अनुसूची- ३ बमोजिमको जायजेथा, चालु तथा चुक्ता पूँजी भएको फर्म वा कम्पनी प्रचलित कानून बमोजिम दर्ता गरेको हुनु पर्नेछ।

(२) इजाजत पत्रको लागि दरखास्त दिने एजेन्सीले इजाजत पत्र लिनु अघि इजाजत पत्रको अवधिभर सुरक्षण बापत अनुसूची- ३ मा तोकिए बमोजिमको बैंक ग्यारेन्टी मन्त्रालय वा कार्यालयको नाममा राख्नु पर्नेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि इजाजत पत्र लिई सकेका एजेन्सीले इजाजत पत्र नवीकरण गराउँदाका बखत उपदफा (१) बमोजिमको चालू वा चुक्ता पूँजी कायम गरी उपदफा (२) बमोजिमको बैंक ग्यारेन्टी अटुट रहेको प्रमाण पेश गर्नु पर्नेछ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एजेन्सी पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता गर्दा प्रचलित कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीको लागि आवश्यक चुक्ता पुँजी कायम गर्नु पर्नेछ।

१३. **<u>इजाजत पत्र सम्बन्धी व्यवस्था</u>:** (१) एजेन्सीको काम गर्न चाहने फर्म वा कम्पनीले यस ऐन बमोजिम इजाजत पत्र लिनु पर्नेछ।

(२) एजेन्सीको इजाजत लिन चाहने फर्म वा कम्पनीले आवश्यक विवरण सहित कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त प्राप्त भएपछि कार्यालयले जाँचबुझ गरी दरखास्तवालालाई जलयात्रा वा ट्राभल वा ट्रेकिङ्ग वा पर्यटक यातायात वा साहसिक पर्यटन एजेन्सीको काम गर्न सक्षम देखेमा अनुसूची- ४ बमोजिमको शुल्क लिई अनुसूची- ५ बमोजिमको ढाँचामा एक महिनाभित्र इजाजत पत्र प्रदान गर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत पत्र प्रदान गर्नका लागि कार्यालयले थप विवरण वा कागजपत्र आवश्यक महसुस गरेमा पन्ध्र दिनको म्याद दिई त्यस्तो विवरण वा कागजपत्र पेश गर्न सम्बन्धित दरखास्तवालालाई आदेश दिन सक्नेछ र दरखास्तवालाले त्यस्तो विवरण वा कागजात तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिम जाँचबुझ गर्दा वा थप विवरण र कागजात अध्ययन गर्दा इजाजत दिन नसकिने देखिएमा इजाजत दिन नसक्ने कारण समेत खुलाई निर्णय गरी निर्णय गरेको मितिले सात दिनभित्र दरखास्तवालालाई लिखित जानकारी दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको जानकारी पाउने व्यक्तिले त्यस्तो जानकारी उपर चित्त नबुझेमा तीस दिनभित्र मन्त्रालयमा लिखित निवेदन दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको निवेदन प्राप्त भएमा मन्त्रालयले तीस दिनभित्र आवश्यक निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

(८) यो ऐन जारी हुनु अगावै प्रचलित कानून बमोजिम इजाजत प्राप्त एजेन्सी यसै ऐन अन्तर्गत इजाजत प्राप्त भएको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कानून मसौदा

**१४. <u>इजाजत पत्रको अवधि र नवीकरण</u>:** (१) एजेन्सीको इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ। इजाजत पत्र नवीकरण गराउन चाहने एजेन्सीले इजाजत पत्रको अवधि समाप्त हुनु अगावै अनुसूची- ४ बमोजिमको शुल्क तिरी इजाजत पत्र नवीकरण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद समाप्त भएपछि कसैले इजाजत पत्र नवीकरण गर्न चाहेमा अनुसूची- ४ बमोजिमको थप नवीकरण दस्तुर तिरी इजाजत पत्र नवीकरण गराउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगराएमा तोकिए बमोजिमको जरिबाना तिरी नवीकरण गर्न सकिने छ। यसरी इजाजत नवीकरण नगरी रद्द भएमा त्यस्तो एजेन्सीको प्रोप्राइटर वा कुनै पनि साझेदार भएको व्यक्तिको नामबाट एक वर्षसम्म पुनः सोही नाम वा अन्य नामबाट इजाजत दिइने छैन।

**१५. <u>इजाजत पत्र नदिइने</u>:** (१) देहाय बमोजिमको व्यक्ति रहेको फर्म वा कम्पनीलाई कुनै पनि एजेन्सी सञ्चालन वा पर्यटन गतिविधि सञ्चालनको लागि इजाजत पत्र दिइने छैन:-

(क) करार सम्बन्धी प्रचलित कानून बमोजिम करार गर्न योग्यता नभएको व्यक्ति वा फर्म वा कम्पनी,

(ख) साहुको दामासाहीमा परेको व्यक्ति वा फर्म वा कम्पनी,

(ग) दफा १८ बमोजिम कुनै पनि एजेन्सीको इजाजत पत्र खारेज भई सो मितिले तीन वर्ष अवधि भुक्तान गरी नसकेको फर्म वा कम्पनी,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय पाई कैद भुक्तान भएको एक वर्षको अवधि ननाघेको व्यक्ति,

(ङ) गम्भीर प्रकृतिको फौजदारी अपराधमा अदालतमा मुद्दा चलिरहेको व्यक्ति वा फर्म वा कम्पनी,

(च) कुनै पनि विषयमा कालो सूचीमा परेको अवधि तीन वर्षको व्यतित नगरेको व्यक्ति वा फर्म वा कम्पनी।

(२) उपदफा (१) बमोजिमको अवस्था भएमा दफा १२ बमोजिम इजाजत प्राप्त फर्म वा कम्पनीको इजाजत मन्त्रालय वा कार्यालयले निलम्बन वा खारेज गर्न सक्नेछ।

१६. **<u>शुल्क बारेको सूचना दिनु पर्ने</u>**: यस ऐन बमोजिम इजाजत प्राप्त एजेन्सीले आफूले उपलब्ध गराएको सुविधा बापत पर्यटकबाट लिइने शुल्कको सूचना कार्यालय वा तोकिएको अधिकारी समक्ष प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र वा त्यस्तो सेवा प्रदायकले शुल्क परिवर्तन गरेको सात दिनभित्र पठाई नियमित रूपमा प्रकाशन गरी प्रचार समेत गर्नु पर्नेछ।

१७. **<u>परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी गर्नु पर्ने</u>**: (१) यस ऐन बमोजिम एजेन्सीले पर्यटकलाई सेवा उपलब्ध गराउँदा नेपाल सरकारले तोकेको परिवर्त्य विदेशी मुद्रामा बिल भुक्तानी तोकिए बमोजिम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नेपालभित्र वा विदेशमा आर्जन गरेको सबै विदेशी मुद्राको कारोबार नेपाल राष्ट्र बैंक मार्फत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कारोबारको बिल भुक्तानी नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त क्रेडिट कार्ड, क्युआर कोड जस्ता विद्युतीय माध्यमबाट गर्न सक्नेछ।

१८. **<u>इजाजत पत्र निलम्बन तथा खारेज गर्ने</u>**: (१) देहायको अवस्थामा कार्यालयले एजेन्सीको इजाजत पत्र बढीमा छ महिना अवधिसम्मको लागि निलम्बन गर्न सक्नेछन्ः-

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको कुनै कुरा उल्लङ्घन गरेमा,

(ख) मन्त्रालय वा कार्यालयलाई दिनु पर्ने सूचना तोकेको अवधिभित्र नदिएमा वा गलत सूचना दिएमा।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र निलम्बन गर्नु अगाडि आफ्नो सफाइ पेश गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिंदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निलम्बन भएको एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुनः सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले त्यस्तो एजेन्सीको इजाजत पत्र खारेज गर्नेछ।

(४) उपदफा (३) बमोजिम इजाजत पत्र खारेज गर्ने निर्णय भएमा त्यस्तो निर्णयको जानकारी पाएको तीस दिनभित्र खारेजको निर्णय चित्त नबुझ्ने पक्षले सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

१९. **<u>इजाजत पत्र खारेज गर्दा अपनाउनु पर्ने कार्यविधि</u>:** (१) दफा १८ बमोजिम मन्त्रालयले इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित

इजाजत पत्र प्राप्त फर्म वा कम्पनीलाई पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण पेश गर्न मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र इजाजत पत्र प्राप्त फर्म वा कम्पनीले स्पष्टीकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा मन्त्रालयले त्यस्तो एजेन्सीलाई दिएको इजाजत पत्र खारेज गर्न सक्नेछ।

२०. **<u>श्रमिक सम्बन्धी व्यवस्थाः</u>** (१) इजाजत पत्र प्राप्त एजेन्सीले पर्यटकसँग जाने श्रमिकलाई काम गरेको अवधिको लागि देहाय बमोजिमको सुविधा दिने गरी करार गराएर मात्र काममा लगाउनु पर्नेछः-

(क) प्रमुख पथप्रर्दशक र अन्य श्रमिकका लागि प्रचलित कानून बमोजिमको दैनिक भत्ता र भ्रमण खर्च,

(ख) आवश्यक पर्ने सुरक्षात्मक सामग्री,

(ग) खाना, औषधि र औषधि उपचारका सरसामान।

(२) एजेन्सीले जलयात्रा वा ट्राभल वा ट्रेकिङ्गको लागि साथमा जाने श्रमिकको प्रमुख पथप्रर्दशक तथा श्रमिकको लागि नेपालभित्र संस्थापित बिमा कम्पनीबाट देहायको रकममा नघटने गरी व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछः-

(क) प्रमुख पथप्रर्दशकको हकमा दश लाख रूपैयाँ,

(ख) श्रमिकको हकमा छ लाख रूपैयाँ।

(३) उपदफा (२) बमोजिम बिमा गरिएको व्यक्तिको दुर्घटनामा परी अङ्गभङ्ग वा मृत्यु भएमा त्यस्तो व्यक्तिले बिमा कम्पनीबाट पाउनु पर्ने रकम निज वा निजको मृत्यु भएमा निजले



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

इच्छाएको व्यक्ति वा इच्छाइएको व्यक्ति नभए निजको नजिकको हकवालालाई दिलाई दिने जिम्मेवारी सम्बन्धित पर्यटक तथा इजाजत पत्र प्राप्त व्यक्तिको हुनेछ।

(४) उपदफा (३) बमोजिमको रकम पाउने व्यक्ति नाबालक भएमा निजले पाउने रकम सम्बन्धित बिमा कम्पनी वा इजाजत पत्र प्राप्त व्यक्तिले कार्यालयमा बुझाउनु पर्नेछ र कार्यालयले त्यस्तो नाबालक बालिग नभएसम्म निजको पालन पोषणको आवश्यक व्यवस्था मिलाउनको लागि सो रकमको उपयुक्त व्यवस्था गर्नेछ।

(५) श्रमिकको प्रमुख पथप्रर्दशक (गाइड) वा श्रमिक दुर्घटनामा परी अङ्गभङ्ग बाहेक अन्य चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि सम्बन्धित इजाजत पत्र प्राप्त व्यक्तिले नेपालमा संस्थापित बिमा कम्पनीबाट कम्तीमा पचास हजार रूपैयाँको बिमा गराउनु पर्नेछ।

(६) कुनै श्रमिकले एजेन्सीसँग लिन बाँकी रहेको पारिश्रमिक भराइ पाउन कार्यालय समक्ष दरखास्त दिएमा र त्यसरी दिएको दरखास्त जाँचबुझ गर्दा मनासिव देखिएमा कार्यालयले त्यस्तो एजेन्सीद्वारा कार्यालयको नाममा राखेको बैंक ग्यारेन्टीको रकमबाट कट्टा हुने गरी सम्बन्धित दरखास्तवालालाई रकम भुक्तानी दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम कार्यालयले भुक्तानी दिएमा भुक्तानी दिएको रकम सम्बन्धित इजाजत पत्र प्राप्त व्यक्तिले पैंतिस दिनभित्र पुनः बैंक ग्यारेन्टीको रूपमा कार्यालयको नाममा जम्मा गर्नु पर्नेछ।

२१. **जलयात्रा सम्बन्धी विशेष व्यवस्थाः** (१) जलयात्रा सञ्चालनका लागि इजाजत लिन चाहने एजेन्सीले देहायका कुराहरू पूरा गरेको हुनु पर्नेछः-

(क) जलयात्रा सञ्चालन गर्न चाहने फर्म/कम्पनीसँग देहाय बमोजिम जलयात्रा साधन हुनु पर्नेछः-

(१) फर्म भए सुरुमा एक वटा र तीन वर्षभित्र कम्तीमा दुईवटा, र

(२) कम्पनी भए सुरुमा दुई वटा र तीन वर्षभित्र कम्तीमा तीन वटा।

(ख) जलयात्रा व्यवसाय सञ्चालन गर्न प्रदेश पर्यटन विकास समितिले तोके बमोजिमको गुणस्तरका सुरक्षात्मक उपकरण तथा सामग्री भएको,

(ग) प्रदेश पर्यटन विकास समितिले समय समयमा तोकी दिएको अन्य कुराहरू पूरा गरेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अन्य प्रदेशबाट बग्दै आएका नदीमा जलयात्रा गर्न सम्बन्धित प्रदेशमा इजाजत लिएको भए यस प्रदेशमा छुट्टै इजाजत लिनु पर्ने छैन्।

(३) उपदफा (१) को खण्ड (ख) मा उल्लिखित सुरक्षात्मक उपकरण तथा सामग्री मन्त्रालयले तोकेको गुणस्तर बमोजिम भए वा नभएको जाँच गरी विषयगत सङ्घ र मन्त्रालयले प्रतिनिधि खटाउन सक्नेछ।

(४) इजाजत पत्र प्राप्त जलयात्रा एजेन्सीले देहाय बमोजिमका सर्तहरू पालन गर्नु पर्नेछः-

(क) जलयात्रामा जलयात्रीलाई लैजानु अघि जलयात्रामा जाने व्यक्तिको नाम र ठेगाना सहितको विवरण कार्यालयमा वा कार्यालयबाट खटी आएका कर्मचारीलाई उपलब्ध गराउने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) जलयात्राको लागि खुला गरिएका नदी बाहेक अन्यत्र पर्यटकलाई जलयात्रा नगराउने,

(ग) जलयात्रा व्यवसाय सञ्चालन गर्न मन्त्रालय वा कार्यालयद्वारा तोकिएका आचारसंहिता पालन गर्नु पर्ने,

(घ) ऐन तथा नियमावली बमोजिम जलयात्रा व्यवसायीले पालन गर्नु पर्ने अन्य सर्तहरू पालन गर्ने।

(५) जलयात्रा व्यवसायीले जलयात्रामा जाने पर्यटक तथा नेपाली श्रमिकलाई जीवन सुरक्षा ज्याकेट (लाइफ ज्याकेट), हेल्मेट जस्ता सुरक्षात्मक सामग्रीहरू उपलब्ध गराउनु पर्नेछ।

(६) जलयात्राको सिलसिलामा कुनै दुर्घटना भएमा त्यस्तो दुर्घटनाको प्राथमिक खोज तथा उद्धार सम्बन्धी कार्य र मृत्यु भएकोमा शव व्यवस्थापन सम्बन्धित जलयात्रा व्यवसायीले गर्नु पर्नेछ।

(७) जलयात्रा एजेन्सीले जलयात्रामा जाने पर्यटकको प्रचलित कानून बमोजिम दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

२२. <u>**पर्यटक यातायात सम्बन्धी विशेष व्यवस्थाः**</u> (१) पर्यटक सवारी र पर्यटकका सामान (लगेज) बोक्ने सवारीको मापदण्ड तोकिए बमोजिम हुनेछ।

(२) पर्यटक यातायात एजेन्सी सञ्चालन गर्न चाहने फर्म वा कम्पनीसँग तोकिएको मापदण्ड बमोजिमको देहायको सवारी साधन हुनु पर्नेछः-

(क) फर्म-कम्तीमा एक वटा पर्यटक सवारी वा पर्यटकका सामान (लगेज) बोक्ने सवारी साधन,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) कम्पनी-कम्तीमा तीन वटा सवारी वा पर्यटकका सामान (लगेज) बोक्ने सवारी साधन।

(३) कार्यालयले देहायको आधारमा कुनै सवारीलाई पर्यटक नम्बर प्लेटमा दर्ता वा परिवर्तनको लागि यातायात व्यवस्था कार्यालयलाई सिफारिस गर्नेछः-

(क) अनुगमन तथा निरीक्षणबाट उपदफा (१) बमोजिम तोकिएको मापदण्ड पूरा भएको हुनु पर्नेछ,

(ख) इन्जिन तथा च्याशिस नम्बरसहितको कम्पनी वा फर्मको नाममा दर्ता रहेको सवारी दर्ता प्रमाणको प्रतिलिपि,

(ग) चालक सहितको सीट सङ्ख्या खुलेको प्रमाणको प्रतिलिपि,

(घ) सवारी प्रदूषण जाँचपासको प्रमाणको प्रतिलिपि,

(ङ) सवारी साधन, सवारी चालक, सह-चालक पर्यटक र तेस्रो पक्षको बिमा गरेको प्रमाणको प्रतिलिपि,

(च) सवारी कर तिरेको निस्साको प्रतिलिपि,

(छ) आवधिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणको प्रतिलिपि।

(४) मन्त्रालयको सिफारिसमा यातायात व्यवस्था कार्यालयले उपदफा (१) बमोजिमको मापदण्ड पूरा गरे नगरेको निरीक्षण गरी मापदण्ड पूरा गरेको भएमा त्यस्ता सवारीलाई पर्यटक सवारी साधनको रूपमा उपयोग गर्न स्वीकृति दिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(५) उपदफा (४) बमोजिम एक पटक पर्यटक सवारीको रूपमा परिणत भएको सवारी साधनलाई कम्तीमा एक वर्ष नपुगी अन्य प्रकारको सवारी साधनमा परिणत गर्न पाइने छैन।

(६) सवारी साधन उत्पादन भएको मितिले पाँच वर्षभन्दा बढी पुराना सवारी साधनलाई पर्यटक सवारीको रूपमा परिणत गर्न सिफारिस गरिने छैन।

(७) इजाजत पत्र बाहकले पर्यटक यातायात सेवा तथा मालवाहक सवारी सेवा सञ्चालनका लागि तोकिएका सर्तहरु पालना गरेको हुनु पर्नेछ।

(८) एजेन्सीले सवारी साधन, सवारी चालक, सहचालक, पर्यटक र तेस्रो पक्षको लागि नेपालभित्र संस्थापित बिमा कम्पनीबाट प्रचलित कानूनमा उल्लेख भएको रकममा नघट्ने गरी अनिवार्य बिमा गराउनु पर्नेछ।

(९) एजेन्सीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र तोकिएको ढाँचामा प्रतिवेदन तयार गरी कार्यालयमा पेश गर्नु पर्नेछ।

(१०) पर्यटक यातायात सेवा सञ्चालन गर्न दर्ता भएको सम्बन्धित फर्म/कम्पनी, ट्राभल, ट्रेकिङ्ग र होटलले प्रयोग गर्ने सवारी साधनमा स्पष्ट देखिने गरी सम्बन्धित फर्म/कम्पनीको नाम, सम्पर्क नम्बर र ईमेल ठेगाना उल्लेख भएको हुनु पर्नेछ।

२३. **<u>अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्थाः</u>** (१) ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले सम्बन्धित निकायबाट अनुमति लिई जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्ड वाचिङ, साहसिक पर्यटन जस्ता पर्यटन गतिविधि सञ्चालन गर्न सक्ने छन्।

(२) अन्य पर्यटन व्यवसाय सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ४

## साहसिक पर्यटन सम्बन्धी व्यवस्था

२४. **स्कीइङ्ग, हिमतालमा डाईभिङ्ग सम्बन्धी व्यवस्था**ः (१) प्रदेशभित्रको कुनै भागमा स्कीइङ्ग, हिमतालमा डाईभिङ्ग तथा साहसिक पर्यटनसँग सम्बन्धित क्रियाकलाप सञ्चालन गर्न चाहने दलले अनुमतिका लागि अनुसूची-६ बमोजिमका कागजात संलग्न गरी इजाजत प्राप्त एजेन्सी मार्फत कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले स्कीइङ्ग तथा हिमतालमा डाईभिङ्गको लागि एउटा दलमा अधिकतम बीस जनासम्म र साहसिक पर्यटनसँग सम्बन्धित अन्य क्रियाकलापमा अधिकतम तीस जनासम्म समावेश हुन सक्ने गरी बढीमा तीस दिनसम्मको अनुमति दिन सक्नेछ।

(३) छ हजार मिटर मुनिको भू-भागमा खेलिने स्की तथा हिमतालमा डाईभिङ्गको लागि सम्पर्क व्यक्तिको व्यवस्था सम्बन्धित एजेन्सीले गर्नु पर्नेछ। उपलब्ध भएसम्म स्की तथा हिमतालमा डाईभिङ्ग सम्बन्धी तालिम/प्रशिक्षण प्राप्त गरी इजाजत प्राप्त व्यक्तिलाई मात्र सम्पर्क व्यक्तिको रूपमा पठाउनु पर्नेछ।

(४) सम्पर्क व्यक्तिको सेवा सुविधा एजेन्सीले तोके बमोजिम हुनेछ।

(५) सम्बन्धित एजेन्सीको अभियान सकिएको मितिले पन्ध्र दिनभित्र अनुसूची-७ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(६) साहसिक पर्यटन सञ्चालन गर्न अनुमति प्राप्त एजेन्सीले साहसिक पर्यटनमा भाग लिने प्रत्येक व्यक्ति, कर्मचारी तथा श्रमिकहरुलाई चोटपटक लागेमा उद्धार तथा उपचारको प्रबन्ध गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(७) स्की तथा हिमतालमा डाईभिङ्गको अनुमति माग गर्ने दलले अभियान कार्य समाप्त गरी नफर्कुन्जेलसम्म आफ्नो साथमा जाने प्रदर्शक तथा श्रमिकको लागि नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बिमा कम्पनीसँग देहायको रकममा नघट्ने गरी जीवन बिमा, व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछः-

(क) एजेन्सीको तर्फबाट सम्पर्क व्यक्तिको रूपमा जाने व्यक्ति, पथप्रदर्शक तथा श्रमिकको लागि दश लाख रूपैयाँ,

(ख) एजेन्सीको तर्फबाट सम्पर्क व्यक्तिको रूपमा जाने व्यक्ति, पथप्रदर्शक तथा श्रमिकको दुर्घटनामा परी चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि प्रतिव्यक्ति पाँच लाख रूपैयाँ,

(ग) स्की तथा हिमतालमा डाईभिङ्गका लागि जाने दलका सबै सदस्यको जीवन बिमा, व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछ।

(घ) स्की तथा हिमतालमा डाईभिङ्ग सञ्चालन कार्यक्षेत्रमा कार्यरत कर्मचारी तथा श्रमिकहरुको तोकिए बमोजिम जीवन बिमा, व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछ।

(ङ) स्की तथा हिमतालमा डाईभिङ्ग बाहेकका साहसिक पर्यटनमा भाग लिने व्यक्ति, पथप्रदर्शक, कर्मचारी तथा श्रमिकहरुको व्यक्तिगत दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

(८) स्की तथा हिमतालमा डाईभिङ्ग गर्ने स्थानहरु देहाय बमोजिम हुनेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) प्रदेश सरकारले खुला गरेका छ हजार मिटर माथिका हिमालहरु,

(ख) छ हजार मिटरभन्दा कम उचाई भएका हिमाल र सम्भाव्य स्थानहरु।

(९) उपदफा (८) बमोजिमको सम्भाव्य स्थानहरुमा प्रचलित कानूनको अधिनमा रही स्की गर्ने स्थानको निर्माण देहाय बमोजिम हुनेछः-

(क) प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा,

(ख) एक वा एकभन्दा बढी स्थानीय तहको साझेदारीमा,

(ग) प्रदेश सरकार, स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा,

(घ) स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा,

(ङ) प्रदेश सरकार, स्वदेशी तथा विदेशी संस्थाको साझेदारी लगानीमा,

(च) निजी क्षेत्रको लगानीमा।

(१०) स्की तथा हिमतालमा डाईभिङ्ग गन्तव्यको रूपमा विकास गर्न र सञ्चालन गर्न अनुमति प्राप्त क्षेत्रमा आवश्यकता अनुसार आवास तथा खानपिनको बन्दोबस्तको लागि प्रचलित कानून बमोजिम स्की तथा हिमताल रिसोर्ट सञ्चालन गर्न अनुमति प्रदान गर्न सकिनेछ।

(११) उपदफा (९) बमोजिम निर्माण हुने स्की तथा हिमतालमा डाईभिङ्ग गन्तव्य र सञ्चालनका अन्य सर्त मन्त्रालयले तोके बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१२) छ हजार मिटरभन्दा मुनिको स्की तथा हिमतालमा डाईभिङ्ग गरिने स्थानको फोहोरमैला व्यवस्थापन स्थानीय तहले तोके बमोजिम हुनेछ।

(१३) मन्त्रालयले इजाजत प्राप्त एजेन्सी, पथप्रदर्शक, प्रशिक्षक तथा पर्यटकले स्की तथा हिमतालमा डाईभिङ्ग कार्यको सिलसिलामा पालना गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्न सक्नेछ। आचारसंहिता पालना गर्नु सम्बन्धित इजाजत प्राप्त एजेन्सी, प्रशिक्षक, पथप्रर्दशक तथा पर्यटकको कर्तव्य हुनेछ।

(१४) स्की तथा हिमतालमा डाईभिङ्गको लागि तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछः-

(क) स्की तथा हिमतालमा डाईभिङ्गको लागि आवश्यक पर्ने तालिम तथा प्रशिक्षण सञ्चालन गर्न प्रदेश सरकारले छुट्टै निकाय गठन गर्न, स्की तथा हिमतालमा गन्तव्य निर्माण र सञ्चालनको अनुमति प्राप्त संस्था वा स्की तथा हिमतालमा डाईभिङ्ग सम्बन्धी विषयगत सङ्घलाई अनुमति प्रदान गर्न सक्नेछ।

(ख) तालिम सम्बन्धी अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

(१५) यस ऐनमा अन्यन्त्र जुनसुकै उल्लेख भएता पनि छ हजार मिटर मुनी खेलिने स्की तथा हिमतालमा डाईभिङ्गको लागि जाने नेपालीहरुको लागि अनुमति लिनुपर्ने छैन।

तर इजाजत दिने निकायमा सो को विवरण र शुल्क बुझाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(१६) सम्पर्क व्यक्तिको सूची कार्यालयमा अग्रिम रूपमा उपलब्ध गराउनु पर्नेछ।

(१७) छ हजार माथिको भू-भागमा खेलिने स्की तथा हिमतालमा डाईभिङ्गको लागि सम्पर्क अधिकृतको व्यवस्था देहाय अनुसार हुनेछः-

(क) अनुमति प्राप्त दलले मन्त्रालयका कम्तीमा एस.ई.ई. वा सो सरह उत्तीर्ण निजामती कर्मचारीमध्येबाट मन्त्रालय वा कार्यालयले खटाएको एक जना कर्मचारीलाई देहाय बमोजिमको सुविधा दिने गरी सम्पर्क अधिकृतको रूपमा लैजानु पर्नेछः-

(१) हिमाली क्षेत्रमा प्रयोग गर्नु पर्ने आवश्यक सामग्री,

(२) मौसम सुहाउँदो पोशाक,

(३) प्रचलित कानून बमोजिमको दैनिक भत्ता र भ्रमण खर्च,

(४) खाना, औषधि र भरियाको सुविधा, र

(५) अन्य आवश्यकतानुसार।

(ख) सम्पर्क अधिकृतले अभियान समाप्त भएको मितिले पन्ध्र दिनभित्र अनुसूची- ८ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(१८) उपदफा (१०) बमोजिमको अनुमति माग गर्दा दलले आफ्नो साथमा जाने सम्पर्क अधिकृत तथा श्रमिकको अभियान कार्य समाप्त गरी नफर्कुन्जेलसम्मको लागि नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बिमा कम्पनीसँग देहायको रकममा नघट्ने गरी व्यक्तिगत दुर्घटना बिमा गराउनु पर्नेछः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(क) सम्पर्क अधिकृत तथा अन्य श्रमिकको लागि आठ लाख रूपैयाँ,

(ख) सम्पर्क अधिकृत तथा श्रमिकको दुर्घटनामा परी सामान्य चोटपटक लाग्दा गर्नु पर्ने औषधोपचारको लागि प्रति व्यक्ति कम्तीमा तीन लाख रूपैयाँ।

२५. **<u>अन्य साहसिक पर्यटन सम्बन्धी व्यवस्था</u>:** (१) अनुमति प्राप्त दलले त्यस्तो साहसिक पर्यटकीय क्रियाकलाप समाप्त भएको मितिले पन्ध्र दिनभित्र सम्पूर्ण विवरणसहितको प्रतिवेदन पेश गर्नु पर्नेछ।

(२) व्यवसायीले साहसिक पर्यटनको खेलमा भाग लिने प्रत्येक व्यक्ति तथा कामदारलाई कुनै चोटपटक लागेमा उद्धार र उपचारको प्रबन्ध गर्नु पर्नेछ र निजको मृत्यु भएमा प्रचलित कानूनले तोके बमोजिमको क्षतिपूर्ति तथा बिमाको व्यवस्था गर्नु पर्नेछ।

(३) साहसिक पर्यटनमा भाग लिने व्यक्ति र सञ्चालन हुने स्थलमा काम गर्ने कर्मचारी तथा कामदारहरुको व्यक्तिगत दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

२६. **<u>वार्षिक शुल्क तिर्नु पर्ने</u>:** साहसिक पर्यटन एजेन्सीले साहसिक पर्यटन गतिविधि सञ्चालन गर्नुपर्दा अनुसूची- ४ बमोजिमको वार्षिक इजाजत शुल्क तिरेर मात्र सञ्चालन गर्नु पर्नेछ।

२७. **<u>प्रतिवेदन पेश गर्नु पर्ने</u>:** इजाजत पत्र प्राप्त एजेन्सीले प्रत्येक वर्षको साउन एक गतेदेखि पुस मसान्तसम्मको र माघ एक गतेदेखि असार मसान्तसम्मको आफ्नो कारोबारको विवरणसहितको प्रतिवेदन सो अवधि भुक्तान भएको मितिले पैंतिस दिनभित्र कार्यालयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद- ५

## पथप्रदर्शक सम्बन्धी व्यवस्था

२८. **इजाजत पत्र लिनु पर्ने**ः (१) यो ऐन बमोजिम तोकिएका पर्यटकीय स्थानको लागि पथप्रदर्शकको काम गर्न चाहने व्यक्तिले तोकिए बमोजिम इजाजत पत्र लिनु पर्नेछ।

(२) पथप्रदर्शकको काम गर्न चाहने व्यक्तिले कार्यालय वा तोकिएको अधिकारी समक्ष तोकिए बमोजिम दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको दरखास्त दिने व्यक्तिले तोकिए बमोजिम परीक्षा वा तालिममा सम्मिलित हुनु पर्नेछ र त्यस्ता परीक्षा वा तालिममा उत्तीर्ण हुने व्यक्तिलाई कार्यालय वा तोकिएको अधिकारीले अनुसूची- ९ बमोजिमको शुल्क लिई तोकिएको ढाँचामा इजाजत पत्र दिनेछ।

(४) यो ऐन प्रारम्भ हुनु अगाडि प्रचलित कानून बमोजिम इजाजत प्राप्त पथप्रदर्शकको इजाजत यसै ऐन अन्तर्गत प्राप्त भएको मानिनेछ।

२९. **इजाजतका लागि अयोग्य मानिने**ः देहायको व्यक्तिलाई पथप्रदर्शकको इजाजत पत्रका लागि अयोग्य मानिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैदको सजाय भुक्तान भएको दुई वर्ष समय व्यतित नभएको,

(ख) कुनै मानसिक वा सरुवा रोग लागेको,

(ग) मान्यता प्राप्त संस्थाबाट पथप्रदर्शकको तालिम नलिएको,

(घ) यस ऐन बमोजिम पथप्रदर्शक इजाजत पत्र खारेज भई सो मितिले तीन वर्षको अवधि भुक्तान भई नसकेको।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**३०. इजाजत पत्रको म्याद**ः (१) इजाजत पत्रको अवधि पाँच वर्षको हुनेछ।

(२) इजाजत पत्रको नवीकरण गर्न चाहने इजाजत पत्र प्राप्त व्यक्तिले अनुसूची- ९ मा उल्लिखित अवधिभित्र सोही अनुसूची बमोजिमको शुल्क बुझाई इजाजत पत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र इजाजत पत्र नवीकरण नगरेमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ।

**३१. पथप्रदर्शकको वर्गीकरण**ः पथप्रदर्शकको वर्गीकरण अनसूची- १० मा व्यवस्था भए बमोजिम हुनेछ।

**३२. इजाजत पत्र नवीकरण सम्बन्धी व्यवस्थाः** (१) पथप्रदर्शकको इजाजत पत्र नवीकरणको लागि पुनर्ताजगी तालिम लिएको हुनु पर्नेछ। तोकिए बमोजिम इजाजत पत्र नवीकरण नगरेको व्यक्तिले पथप्रदर्शनको कार्य गराउन पाइने छैन।

(२) इजाजत पत्र नवीकरण गर्दा वार्षिक रूपमा काम गरेको विवरण पेश गर्नु पर्नेछ।

(३) पथप्रदर्शकको सीप तथा कार्य दक्षता अभिवृद्धिको लागि प्रदेश सरकारले उचित व्यवस्था गर्न सक्नेछ।

(४) काम गरेको अवधिको आधारमा पथप्रदर्शकको परिचय पत्रको रङ्ग देहाय बमोजिम हुनेछः-

(क) पाँच वर्षसम्म काम गरेको आधारमा -हरियो

(ख) पाँच वर्षदेखि दश वर्षसम्म काम गरेको आधारमा -पहेंलो

(ग) दश वर्षदेखि पन्ध्र वर्षसम्म काम गरेको आधारमा -रातो

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) पन्ध्र वर्षभन्दा माथि
काम गरेको आधारमा -निलो

(५) कुनै पनि विदेशी नागरिकले पथप्रदर्शकको रूपमा यस प्रदेशमा काम गर्न चाहेमा नेपाल सरकार वा प्रदेश सरकारको स्वीकृति अनिवार्य लिनु पर्नेछ।

(६) नेपाल सरकार वा नेपाल सरकारबाट तोकिएको निकायबाट पथप्रदर्शक र पर्वतीय प्रमुख पथप्रदर्शक इजाजत पत्र प्राप्त गरेको भएमा यस प्रदेशमा काम गर्नका लागि छुट्टै इजाजत पत्र लिनुपर्ने छैन।

(७) प्रदेश सरकार वा प्रदेश सरकारबाट तोकिएको निकायबाट पथप्रदर्शक र पर्वतीय प्रमुख पथप्रर्दशक इजाजत प्राप्त गरेको भएमा यस प्रदेशमा काम गर्नका लागि स्थानीय तहमा छुट्टै इजाजत पत्र लिनु पर्ने छैन।

(८) पथप्रदर्शक दर्ता इजाजत पत्र बिना पथप्रदर्शकको रूपमा भ्रमण दलमा संलग्न हुन पाइने छैन।

(९) पर्वतारोहण दलमा संलग्न प्रमुख पथप्रदर्शक, प्रदर्शकलाई पर्वतारोहणको सफलता पश्चात सम्मान स्वरुप प्रदेश सरकारले छुट, सुविधा र पुरस्कार प्रदान गर्न सक्नेछ।

३३. **इजाजत पत्र हराएमा अर्को इजाजत पत्र लिन सकिने**: (१) कुनै पथप्रर्दशकले प्राप्त गरेको इजाजत पत्र हराएमा तोकिएको म्यादभित्र कार्यालय वा तोकिएको अधिकारी समक्ष अर्को इजाजत पत्रको लागि दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालय वा तोकिएको अधिकारीले *दुई सय रूपैयाँ दस्तुर लिई पुनः अर्को इजाजत पत्र दिन सक्नेछ।

**३४. पथप्रदर्शकले गर्न नहुने कामहरुः** पथप्रर्दशकले देहायको कुनै काम गर्नु हुँदैनः-

(क) पर्यटकलाई कुनै मालसामान खरिद गर्ने वा अरु कुनै सेवा उपलब्ध गर्ने काममा मद्दत गर्दा सो कामसँग सम्बन्धित बिक्रेता वा अरु कुनै व्यक्तिसँग नगदी वा अरु कुनै चिज वस्तु माग्न वा लिन,

(ख) आफूलाई पथप्रर्दशक बनाउन भनी कुनै पर्यटकलाई बाध्य गर्न,

(ग) आफ्नो इजाजत पत्र अरुलाई दिई पथप्रर्दशकको काम गर्न लगाउन,

(घ) आफूले पथप्रदर्शन गरेको पर्यटक विरुद्ध कुनै षडयन्त्र गर्न, धोका दिन, निजको कानून विपरीत गोपनीयता भंग गर्न,

(ङ) व्यावसायीले उपलब्ध गराएको उपकरण वेचबिखन गर्न,

(च) मन्त्रालय वा कार्यालयबाट जारी गरिएको पथप्रदर्शकले पालना गर्नु पर्ने आचारसंहिता विपरीत कार्य गर्न वा कुनै पनि किसिमले खराब आचरण प्रदर्शन गर्न।

**३५. इजाजत पत्र खारेज गर्न सकिनेः** (१) देहायको कुनै अवस्थामा कार्यालय वा तोकिएको अधिकारीले कुनै पथप्रर्दशकको इजाजत पत्र खारेज गर्न सक्नेछः-

---

* प्रदेश आर्थिक ऐन, २०८० द्वारा संशोधित।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी प्रमाणित भई कैद सजाय पाएमा,

(ख) दफा २९ बमोजिम अयोग्य भएमा,

(ग) दफा ३४ बमोजिमको कुनै कुरा उल्लङ्घन गरेमा।

(२) उपदफा (१) बमोजिम कुनै गाइडको इजाजत खारेज गर्नु अगाडि निजलाई आफ्नो सफाइ पेश गर्नको लागि मौका दिनु पर्नेछ र यसरी मौका दिँदा कम्तीमा पन्ध्र दिनको म्याद दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज भएमा त्यस्तो खारेजीको निर्णय उपर चित्त नबुझेमा मन्त्रालय समक्ष तीस दिनभित्र निवेदन दिन सक्नेछ र त्यस्तो निवेदन परेको तीस दिनभित्र मन्त्रालयले आवश्यक निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ।

## परिच्छेद- ६

## मनोरञ्जनात्मक पर्यटन सम्बन्धी व्यवस्था

३६. **इजाजत लिनु पर्नेः** (१) विदेशी पर्यटक तथा नेपाली नागरिकको मनोरञ्जनका लागि केबलकार, एम्यूज्मेन्ट पार्क, फन पार्क, अन्य मनोरञ्जनात्मक पार्क लगायत स्थापना र सञ्चालन गर्न चाहनेले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी वा सरकारी निकायले देहाय बमोजिमका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछः-

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ख) मनोरञ्जनात्मक खेलको प्रकार, स्थापना र सञ्चालन हुने स्थानको विवरण र स्वामित्व

आन्तरिक मामिला तथा कानून मन्त्रालय मधेश

(नक्सा, जग्गाधनी प्रमाण पुर्जा र जग्गासँग सम्बन्धित कागजात तथा अरुको स्वामित्वको जग्गा भए सम्झौता पत्र),

(ग) सरकारी जग्गा भएमा नेपाल सरकारको स्वीकृति,

(घ) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्नेमा सो को स्वीकृत प्रतिवेदन,

(ङ) कम्पनीले व्यवस्थापकीय तथा कानूनी पूर्वाधार खडा गर्न गरेको कार्यसम्पादन सम्बन्धी विवरण,

(च) सम्बद्ध उद्धार सुरक्षा, बिमा एवं अन्य आवश्यक प्रबन्ध,

(छ) अन्य मन्त्रालय वा निकायको स्वीकृति वा सहमति आवश्यक पर्नेमा सो सम्बन्धी कागजात,

(ज) मन्त्रालयले आवश्यक ठानी माग गरेका अन्य कागजात।

(२) प्राप्त हुन आएको निवेदन उपर आवश्यक जाँचबुझ तथा खेल सञ्चालन हुने स्थानको स्थलगत निरीक्षण गरी प्रतिवेदन प्राप्त भएपछि सो व्यवसाय सञ्चालन गर्न उपयुक्त देखिएमा अनुसूची-४ बमोजिमको दस्तुर लिई मन्त्रालयले इजाजत प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) मा उल्लेख भए बमोजिम स्थलगत निरीक्षणको लागि मन्त्रालयले अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमा सम्बन्धित क्षेत्रका प्राविधिक सहितको टोली गठन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) कसैले उपदफा (१) बमोजिमको काम गर्ने उद्देश्य राखी फर्म वा कम्पनी दर्ताका लागि सिफारिस माग्न आएमा कार्यालयले औचित्य हेरी यस दफा बमोजिम इजाजत प्राप्त भएपछि मात्र सञ्चालन हुने गरी फर्म वा कम्पनी दर्ताका लागि मात्र सिफारिस दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिमको सिफारिस गरेकै कारणले सञ्चालन इजाजत दिएको मानिने छैन।

(६) उपदफा (१) मा उल्लिखित बाहेकका अन्य स्थायी वा निश्चित अवधिका मनोरञ्जनात्मक क्रियाकलाप वा खेल सञ्चालन सम्बन्धी व्यवस्था र लाग्ने शुल्क तोकिए बमोजिम हुनेछ।

(७) उपदफा (२) बमोजिम मनोरञ्जनात्मक पर्यटन व्यवसायका लागि इजाजत पत्र प्राप्त फर्म वा कम्पनी वा सरकारी निकायले अनुसूची-४ मा तोकिए अनुसार दस्तुर तिरी इजाजत पत्र वार्षिक नवीकरण गराउनु पर्नेछ।

**३७. <u>प्रदर्शनी तथा मेला सञ्चालन</u>:** (१) कसैले आफ्नो व्यवसाय प्रवर्द्धनका लागि प्रदर्शनी वा मेला सञ्चालन गर्न चाहेमा सम्बन्धित स्थानीय तहको इजाजत लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदर्शनी वा मेला सञ्चालन गर्न माग भई आएमा त्यस्तो स्थानीय तहले सञ्चालन हुने क्रियाकलापको विवरण खुलाई निश्चित अवधि तोकी सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(३) यस दफा बमोजिम प्रदर्शनी वा मेला स्थलभित्र वा अन्य कुनै स्थानमा निश्चित अवधिका लागि शुल्क लिई

मनोरञ्जनात्मक खेल वा क्रियाकलाप सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले अनुमति दिन सक्नेछ।

(४) स्थानीय तहले उपदफा (२) र (३) बमोजिम दिएको अनुमतिको जानकारी नजिकको प्रहरी कार्यालयलाई गराउनु पर्नेछ।

३८. **सुरक्षा व्यवस्थाः** (१) व्यवसायीले मनोरञ्जनात्मक खेलमा भाग लिने प्रत्येक व्यक्ति तथा श्रमिकलाई कुनै चोटपटक लागेमा उद्धार र उपचारको प्रबन्ध गर्नु पर्नेछ र निजको मृत्यु भएमा प्रचलित कानूनले तोके बमोजिमको क्षतिपूर्ति तथा बिमाको व्यवस्था गर्नु पर्नेछ।

(२) मनोरञ्जनात्मक खेलमा भाग लिने व्यक्ति र सञ्चालन हुने स्थलमा काम गर्ने कर्मचारी तथा श्रमिकको व्यक्तिगत दुर्घटना बिमा गराएको हुनु पर्नेछ।

## परिच्छेद- ७

## पर्यटकीय पूर्वाधार विकास

३९. **पर्यटकीय क्षेत्रको पूर्वाधार विकासः** (१) प्रदेश सरकारले पर्यटकीय क्षेत्रलाई आकर्षक एवं सुविधायुक्त बनाउन गुरुयोजना बनाई आवश्यक पूर्वाधारको विकास गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पूर्वाधार विकास गर्दा प्रदेश सरकार आफैले लगानी गरी वा स्थानीय तह वा निजी क्षेत्रको साझेदारीमा पूर्वाधार विकास गर्न सक्नेछ।

(३) प्रदेश सरकारले निजी क्षेत्रको लगानी आकर्षित गर्न होटल, लज, रिजर्ट लगायत निजी क्षेत्रबाट हुन सक्ने अन्य पर्यटन पूर्वाधारको निर्माणका लागि आवश्यक पर्ने सरकारी वा निजी जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्नका लागि सहजीकरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(४) प्रदेश सरकारले आफ्नै लगानीमा निर्माण गरेका पर्यटन पूर्वाधारका संरचना सञ्चालनका लागि तोकिए बमोजिम वर्गीकरण गरी आफै सञ्चालन गर्न वा निजी क्षेत्रलाई लिजमा दिन वा स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सञ्चालन हुने पर्यटकीय संरचनाको शुल्क तोकिए बमोजिम हुनेछ।

(६) प्रदेश सरकारले प्रदेशभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान गरी संरक्षण र पूर्वाधार विकासका कामहरु सञ्चालन गर्न सक्नेछ।

४०. **<u>उपभोक्ता समिति मार्फत गर्ने</u>**ः (१) प्रदेश सरकारले तोकिए बमोजिमका पर्यटन पूर्वाधारका कामहरु सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधिनमा रही उपभोक्ता समिति मार्फत गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपभोक्ता समिति मार्फत भए गरेका कामको सञ्चालन तथा आवश्यक मर्मत सम्बन्धित स्थानीय तहको समन्वयमा उपभोक्ता समितिले नै गर्नु पर्नेछ।

(३) उपभोक्ता समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४१. **<u>पर्यटकीय क्षेत्र वा पर्यटकीय ग्रामको घोषणा</u>**ः (१) प्रदेश सरकारले प्रदेशभित्रको पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण खास क्षेत्रलाई पर्यटकीय क्षेत्र वा पर्यटकीय ग्राम घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएका पर्यटकीय क्षेत्र वा पर्यटकीय ग्रामको संरक्षण तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उत्कृष्ट पर्यटकीय क्षेत्रको छनोट देहाय बमोजिम गर्न सकिनेछः-

(क) सम्बन्धित जिल्लाबाट हालसम्म निर्वाचित भएका जनप्रतिनिधिहरु, जिल्ला स्तरीय राजनीतिक दलका प्रतिनिधिहरु, जिल्ला स्तरीय उद्योग तथा पर्यटनसँग सम्बन्धित संघ, संस्था तथा व्यक्तिहरु लगायतको भेलाबाट प्राप्त सुझावका आधारमा प्रदेशभित्रका प्रत्येक जिल्लामा भएका उत्कृष्ट पर्यटकीय क्षेत्र वा ग्रामको छनोट मन्त्रालयले गर्नेछ।

(ख) मन्त्रालयको सहयोगमा जिल्ला समन्वय समितिले उत्कृष्ट पर्यटकीय क्षेत्र वा ग्रामको छनोट कार्यको लागि आवश्यक भेलाको व्यवस्थापन र समन्वय गर्नेछ।

(ग) छनोट भएका उत्कृष्ट पर्यटकीय क्षेत्र वा ग्रामको निर्माण, संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र प्रवर्द्धनका लागि स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्र समेतको सहयोग जुटाउन मन्त्रालयले आवश्यक व्यवस्थापन गर्नेछ।

(घ) यस अघि प्रदेश सरकार वा मन्त्रालयबाट छनोट भएका पर्यटकीय क्षेत्र वा ग्राम यसै ऐन बमोजिम भएको मानिनेछ।

(४) आफ्नो क्षेत्रभित्रको कला, संस्कृति, सम्पदा संरक्षण, पर्यटकीय महत्वका धार्मिक, सांस्कृतिक गतिविधिको सम्वर्द्धन, पर्यटकीय क्षेत्र र सम्भावित पर्यटकीय क्षेत्रको गुरुयोजना सहित उचित व्यवस्थापन एवं प्रवर्द्धन गरी पर्यटकीय गन्तव्यको रूपमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विकास गर्न, पर्यटनलाई रोजगारीको प्रमुख आधारको रूपमा विकास गरी नागरिकको जीवनस्तरमा सुधार गर्न कानून बनाई आवश्यक संरचना निर्माण गर्न सक्नेछ।

(५) स्थानीय तह वा स्थानीय समुदायबाट निर्माण भएको संरचनाको सञ्चालन, व्यवस्थापन र प्रवर्द्धनका लागि स्थानीय तहले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ।

(६) दुई वा दुईभन्दा बढी स्थानीय तहको सीमानामा पर्ने पर्यटन क्षेत्रको निर्माण, सञ्चालन र प्रवर्द्धनका लागि सम्बन्धित स्थानीय तहहरुले बनाएको कानूनको अधिनमा रही आवश्यक सम्झौता गर्न सक्नेछन्।

(७) यस अघि प्रदेश सरकार वा मन्त्रालयबाट छनोट भएका पर्यटकीय क्षेत्र वा ग्राम यसै ऐन बमोजिम भएको मानिनेछ।

४२. **आम्दानीको बाँडफाँटः** प्रदेश सरकारबाट पाँच करोडभन्दा बढी पर्यटन पूर्वाधारको लागि लगानी भएको वा सामुदायिक वन/वन संरक्षण क्षेत्रभित्र बनेका पर्यटकीय पूर्वाधारबाट हुने आम्दानीको बाँडफाँट तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ८

## सम्पदा संरक्षण

४३. **सम्पदाको संरक्षणः** (१) प्रदेशभित्र रहेका सम्पदाको संरक्षण गर्नु प्रदेश सरकार र सम्बन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

(२) प्रदेश सरकारले आफ्नो प्रदेशभित्र रहेका र विश्व सम्पदा सूचीमा परेका लगायत सबै सम्पदाको पञ्जिका तथा विवरण तयार गरी अभिलेख राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) प्रदेश सरकारले प्रदेशभित्र रहेका प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, राजनैतिक वा अन्य महत्वपूर्ण सम्पदालाई प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी विशेष प्रदेश सम्पदा घोषणा गर्न सक्नेछ।

४४. **<u>प्रतिष्ठान वा समिति गठन गर्न सक्नेः</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा आदेश जारी गरी प्रदेशभित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक महत्वका सम्पदाको संरक्षण र व्यवस्थापनका लागि प्रतिष्ठान वा समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने प्रतिष्ठान वा समितिको व्यवस्थापनका लागि आदेशमा तोकिए बमोजिम बढीमा एघार जना सदस्य रहने छन्।

(३) उपदफा (१) बमोजिम गठन भएको प्रतिष्ठान वा समितिको छुट्टै कोष हुनेछ र त्यस्तो कोषमा देहायको रकम रहनेछः-

(क) नेपाल सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) विदेशी सरकार वा राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम,
(घ) स्वदेशी तथा विदेशी सङ्घ संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार, र
(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(४) प्रतिष्ठान वा समितिको अन्य काम, कर्तव्य र अधिकार, कोषको सञ्चालन, लेखा परीक्षण, प्रतिवेदन लगायतका अन्य व्यवस्था आदेशमा तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(५) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, दान, दातव्य वा उपहार लिनु अगावै प्रतिष्ठान वा समितिले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (१) बमोजिमको प्रतिष्ठान वा समिति गठन भएमा सम्पदाको संरक्षण र व्यवस्थापन गर्दा गरिने पर्यटकीय गतिविधिबाट प्राप्त रकम प्रतिष्ठान वा समितिको कोषमा जम्मा हुनेछ।

४५. **स्थानीय पर्यटन सहयोग समिति गठन गर्न सक्ने**: (१) स्थानीय समुदाय, स्थानीय तहको लगानीबाट निर्माण भएको पर्यटन क्षेत्रको संरक्षण, प्रवर्द्धन तथा व्यवस्थापनको लागि स्थानीय तहले पर्यटन सहयोग समिति गठन गर्न सक्नेछ।

(२) यस अघि नै समिति वा अन्य कुनै नामबाट संस्था गठन भएको भए स्थानीय तहमा दर्ता गरी सञ्चालन गर्नु पर्नेछ।

(३) समिति सञ्चालन सम्बन्धी अन्य व्यवस्था समितिको विधान र स्थानीय तहको कानून बमोजिम हुनेछ।

४६. **उपभोक्ता समूह गठन गर्न सक्ने**: (१) स्थानीय तहले विश्व सम्पदा सूचीमा परेका र प्रदेश विशेष सम्पदा घोषित बाहेकका सम्पदाको संरक्षण र व्यवस्थापनका लागि तोकिए बमोजिम सम्बन्धित सम्पदाको स्वामित्व रहेको निकायको सहमतिमा उपभोक्ता समूह गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन भएको समूहको आफ्नो छुट्टै कोष रहनेछ र कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ।

अन्तरिम व्यवस्थापिका संसद (watermark)

(३) उपदफा (१) बमोजिम गठन भएको समूहको अन्य काम, कर्तव्य र अधिकार, कोषको सञ्चालन, लेखापरीक्षण, प्रतिवेदन लगायतका अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(४) उपदफा (१) बमोजिमको उपभोक्ता समूहबाट संरक्षण र व्यवस्थापन भइरहेको सम्पदालाई स्थानीय तहको सहमतिमा प्रदेश सरकारले दफा ४४ को उपदफा (१) बमोजिम प्रतिष्ठान वा समिति गठन गरी संरक्षण र व्यवस्थापन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्रतिष्ठान वा समिति गठन भएमा उपदफा (१) बमोजिम गठन भएको उपभोक्ता समूह स्वतः खारेज भएको मानिनेछ र उपदफा (२) बमोजिमको कोष स्वतः दफा ४४ को उपदफा (३) मा गाभिनेछ।

४७. **<u>रोक लगाउन सक्ने</u>**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सम्पदा वरिपरि तथा धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा अन्य विशेष महत्वका पर्यटकीय स्थानमा निश्चित किसिमका पूर्वाधार निर्माण तथा अन्य क्रियाकलाप गर्न नपाउने गरी रोक लगाउने गरी आदेश जारी गर्न सक्नेछ।

## परिच्छेद- ९

## <u>दण्ड जरिबाना सम्बन्धी व्यवस्था</u>

४८. **<u>दण्ड जरिबाना</u>**: (१) दफा ३ बमोजिम दर्ता नगराई पर्यटक स्तरको हो भनी कुनै होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार सञ्चालन गरेमा कार्यालयले पहिलो पटक दफा ५ मा व्यवस्था भए बमोजिमको म्याद दिने, दोश्रो पटक दश हजार रूपैयाँसम्म, तेस्रो पटक पच्चीस हजार रूपैयाँसम्म र चौथो पटकदेखि प्रत्येक पटकको एक लाख रूपैयाँ जरिबाना गर्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) दफा ७ को बर्खिलाप गरी कुनै शब्द वा चिन्ह प्रयोग गरेमा वा अनुमति विना विदेशीसँग सोझै सम्पर्क राखेमा कार्यालयले पहिलो पटक दफा ५ मा व्यवस्था भए बमोजिमको म्याद दिने, दोश्रो पटक दश हजार रूपैयाँसम्म, तेस्रो पटक पच्चिस हजार रूपैयाँसम्म र चौथो पटकदेखि प्रत्येक पटकको एक लाख रूपैयाँ जरिबाना गर्न सक्नेछ।

(३) यस ऐन बमोजिम मन्त्रालय वा तोकिएको निकायबाट खटिएका कर्मचारीलाई होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार निरीक्षण गर्न वा त्यसमा प्रयोग गरिने खाने पिउने सामानहरुको परीक्षण गर्न कसैले बाधा विरोध गरेमा त्यस्तो व्यक्तिलाई निरीक्षणमा खटिएको अधिकारीले एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(४) यस ऐन बमोजिम इजाजत पत्र नलिई कसैले एजेन्सी खोलेमा वा त्यस्तो एजेन्सी नखोली सो सम्बन्धी कारोबार गरेमा वा गर्न खोजेमा कार्यालयले त्यस्तो एजेन्सी वा कारोबार बन्द गर्न लगाई निजलाई पच्चीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(५) दफा १५ वा १८ बमोजिम एजेन्सीको इजाजत पत्र निलम्बन भएको अवस्थामा कसैले एजेन्सी सम्बन्धी काम गरेमा कार्यालयले निजलाई पचास हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यस्तो फर्म वा कम्पनीले पाएको एजेन्सीको इजाजत पत्र समेत खारेज गर्नेछ।

(६) दफा १६ बमोजिमको शुल्क सम्बन्धी सूचना प्रकाशन नगर्ने व्यक्ति, फर्म वा कम्पनीलाई कार्यालयले पहिलो पटक दफा ५ मा व्यवस्था भए बमोजिमको म्याद दिने, दोश्रो पटक पच्चीस

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश

हजार रूपैयाँसम्म र तेस्रो पटकदेखि प्रत्येक पटकको एक लाख रूपैयाँ जरिबाना गर्न सक्नेछ।

(७) कुनै व्यक्ति, फर्म, कम्पनी वा अनलाइन सेवा प्रदान गर्नेले यस ऐन बमोजिम ट्राभल एजेन्सीको इजाजत पत्र नलिई हवाई सेवाको टिकट खरिद बिक्री (टिकेटिङ्ग) वा जनरल सेल्स एजेण्ट (जि.एस.ए.) को रूपमा काम गर्न पाउने छैन र त्यस्तो काम गरेमा कार्यालयले कसुरको मात्रा हेरी पचास लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(८) यस ऐन बमोजिम इजाजत पत्र प्राप्त नगरी पथप्रर्दशकको काम गरेमा कार्यालयले पच्चीस हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म पथप्रदर्शकको रूपमा काम गर्न नपाउने गरी प्रतिबन्ध लगाउन पाउनेछ।

(९) यस ऐन बमोजिम इजाजत पत्र नवीकरण नगरी पथप्रर्दशकको काम चालु राखेमा कार्यालयले दश हजार रूपैयाँसम्म जरिबाना र एक वर्षसम्म पथप्रर्दशकको कार्य गर्न नपाउने गरी प्रतिबन्ध लगाउन सक्नेछ।

(१०) उपदफा (८) मा लेखिएदेखि बाहेक कुनै पथप्रर्दशकले यो ऐन वा यस ऐन अन्तर्गत जारी भएको नियम वा आदेशको पालना नगरेमा कार्यालयले तीस हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(११) यस ऐन बमोजिम इजाजत पत्र नलिई कसैले मनोरञ्जनात्मक पर्यटन सम्बन्धी व्यवसाय स्थापना वा सञ्चालन गरेमा वा गर्न खोजेमा कार्यालयले त्यस्तो कारोबार बन्द गराई निजलाई एक लाख रूपैयाँ जरिबाना गर्नेछ।

(१२) यस ऐन बमोजिम इजाजत प्राप्त व्यवसायीले देहायको कुनै काम गरेमा कार्यालयले दश हजार रूपैयाँसम्म जरिबाना गर्न सक्नेछः-

(क) यस ऐन बमोजिम निषेध गरिएको कुनै काम गरेमा,

(ख) यस ऐन बमोजिम दिनु पर्ने सूचना वा जानकारी नदिएमा वा पेश गर्नु पर्ने प्रतिवेदन समयमै पेश नगरेमा,

(ग) निरीक्षण गर्न वा जाँच्न खटिएको कर्मचारीलाई निरीक्षण गर्न वा जाँच्न बाधा विरोध गरेमा,

(घ) यस ऐन बमोजिमको निर्देशन पालना नगरेमा।

(१३) स्वदेशी तथा विदेशी पर्यटकको लागि आवास तथा खानाको व्यवस्थाको उद्देश्यले व्यक्तिगत घरमा बिना अनुमति व्यवसाय सञ्चालन गरिएको पाइएमा कार्यालयले त्यस्तो व्यवसाय बन्द गर्न सो लाई पहिलो पटकको लागि पच्चीस हजार रूपैयाँ, दोश्रो पटकको लागि पचास हजार रूपैयाँसम्म र तेस्रो पटकदेखि प्रत्येक पटक एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ। मन्त्रालयले यस कार्यका लागि स्थानीय तहको सहयोग लिन सक्नेछ।

(१४) दफा ९४ को विपरीत काम गरेमा उपदफा (१) देखि उपदफा (१३) सम्मको हकमा सोही बमोजिम र अन्यको हकमा कामको प्रकृति हेरि कार्यालयले बढीमा एक लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

४९. **<u>पुनरावेदनः</u>** दफा ४८ बमोजिम गरेको जरिबानामा चित्त नबुझ्नेले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## परिच्छेद- १०

## प्रदेश पर्यटन विकास समिति सम्बन्धी व्यवस्था

५०. **प्रदेश पर्यटन विकास समितिको गठनः** (१) पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि देहाय बमोजिमको प्रदेश पर्यटन विकास समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) राज्य मन्त्री, मन्त्रालय -उपाध्यक्ष

(ग) सहायक मन्त्री, मन्त्रालय -सदस्य

(घ) नीति तथा योजना आयोगको पर्यटन हेर्ने सदस्य -सदस्य

(ङ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(च) सचिव, मन्त्रालय -सदस्य

(छ) सचिव, वन हेर्ने मन्त्रालय -सदस्य

(ज) सचिव, उद्योग हेर्ने मन्त्रालय -सदस्य

(झ) सचिव, आन्तरिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ञ) सचिव, अर्थ हेर्ने मन्त्रालय -सदस्य

(ट) नेपाल माउन्टेन एकेडेमी -सदस्य

(ठ) नेपाल पर्वतारोहण सङ्घ -सदस्य

(ड) नगरपालिका सङ्घ -सदस्य

(ढ) गाउँपालिका सङ्घ -सदस्य

होटल सङ्घ, नेपाल -सदस्य

(ण) नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स -सदस्य

(त) स्की सङ्घ -सदस्य



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(थ) नेपाल एसोसियसन अफ
राफ्टिङ्ग एजेन्सिज(नारा) -सदस्य

(द) नेपाल रेष्टुरेन्ट एण्ड बार एसोसिएसन -सदस्य

(ध) पर्यटन सहकारी सङ्घ -सदस्य

(न) नेपाल पर्यटक यातायात
व्यवसायी सङ्घ -सदस्य

(प) नेपाल घरबास (होमस्टे) एसोसिएसन -सदस्य

(फ) सामुदायिक वन उपभोक्ता
महासङ्घ नेपाल (फेकोफन) -सदस्य

(ब) नेपाल पत्रकार महासङ्घ -सदस्य

(भ) प्रमुख कार्यकारी अधिकृत,
प्रदेश पर्यटन निर्देशनालय -सदस्य-सचिव

(२) पर्यटन क्षेत्रका उद्योगी/व्यवसायी, श्रमिक र विषय विज्ञहरुमध्येबाट कम्तीमा दुई जना महिला सहित अध्यक्षले पाँच जना सदस्य मनोनयन गर्न सक्नेछ।

(३) खण्ड (ट) देखि (भ) सम्मको हकमा प्रदेश स्तरीय सङ्घका प्रदेश अध्यक्षले मात्र भाग लिन सक्नेछ।

(४) प्रदेश पर्यटन विकास समितिको कार्यालय समितिको निर्णय अनुसार रहनेछ।

(५) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिले गरेका निर्णयहरु तथा सम्पादन गरेका कामहरुको विवरण सहितको अभिलेख अद्यावधिक गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(७) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति नभएसम्मका लागि मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारीले सदस्य सचिवको रूपमा कार्य गर्नेछ।

५१. **<u>समितिको उद्देश्यः</u>** समितिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रदेशभित्रको पर्यटकीय सेवालाई प्रोत्साहन गरी स्व-रोजगारीको सिर्जना मार्फत राष्ट्रिय आय एवं रोजगारी अभिवृद्धिमा टेवा पुऱ्याउने,

(ख) पर्यटनको विकास, विस्तार तथा प्रवर्द्धन, पूर्वाधार निर्माणमा सहजीकरण कार्यहरु गर्ने,

(ग) तोकिए बमोजिमका अन्य कार्यहरु।

५२. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, खेलकुद पर्यटन, पर्या-पर्यटन, सफारी पर्यटन, साहसिक पर्यटन, खाना पर्यटन, औद्योगिक, व्यवसायिक प्रदर्शनी एवं सभा सम्मेलन पर्यटन, जलयात्रा पर्यटन, पर्वतारोहण पर्यटन, दृश्यावलोकन पर्यटन लगायतका पर्यटन प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा पर्यटन सम्बन्धी नीति निर्माण गर्ने,

(ख) पर्यटन सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गर्ने,

(ग) पर्यटन सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्विविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(घ) प्रचलित कानूनको अधिनमा रही विदेशी लगानी र प्रविधि हस्तान्तरण आवश्यक नीतिगत निर्णय गर्न प्रदेश सरकारलाई सिफारिस तथा सहजीकरण गर्ने,

(ङ) लगानी अभिवृद्धि गर्न तथा प्रोत्साहन गर्न अध्ययन, अनुसन्धान गर्ने र आवश्यकता अनुसार प्रदेश सरकार समक्ष सिफारिस तथा सुझाव पेश गर्ने,

(च) पर्यटन प्रदूषण नियन्त्रण सम्बन्धी निर्णय लिने र आवश्यकताका आधारमा प्रदेश सरकार समक्ष सुझाव पेश गर्ने,

(छ) यस ऐन तथा प्रचलित कानून बमोजिम पर्यटन उद्योग/व्यवसायले पाउने सेवा, सुविधा तथा सहुलियत प्राप्त गर्न कठिनाई आइपरेमा सो को निराकरण गरी कार्यान्वयन गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(ज) पर्यटन उद्योग/व्यवसायको वर्गीकरणको अनुसूचिमा कुनै थपघट वा परिवर्तन गर्नुपर्ने भएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(झ) प्रदेश सरकार, स्थानीय सरकार, निजी क्षेत्र र सहकारी क्षेत्रको प्रभावकारी, समन्वयात्मक र सामञ्जस्यपूर्ण सहकार्यमा पर्यटकीय वातावरण निर्माण गर्ने र आवश्यक सहजीकरण गर्ने,

(ञ) प्रदेश र स्थानीय स्तरका सम्भावित पर्यटकीय क्षेत्र, पर्यटकीय जोन, पर्यटकीय ग्राम, पर्यटकीय नगरी, पर्यटकीय पार्कको पहिचान, पूर्वाधार निर्माण र संरक्षणको योजना निर्माण गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ट) पर्यटनको विकासमा देखिएका अवरोधहरुको अध्ययन गर्ने, सो को निराकरणको लागि प्रदेश सरकार, स्थानीय सरकार वा अन्य सम्बद्ध निकायहरुबिच सहजीकरण गर्ने,

(ठ) व्यवसायीको गुनासो सुनुवाइ गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गनिर्देशन गर्ने,

(ड) प्रदेशको एकीकृत पर्यटकीय सूचना व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याउने,

(ढ) पर्यटन/उद्योग व्यवसायको अनुगमन तथा निरीक्षणका लागि आवश्यक फाराम स्वीकृत गर्ने,

(ण) अफ-सिजनको लागि प्याकेज सञ्चालन गर्न योजना निर्माण गर्ने

(त) प्रदेशभित्रका प्रमुख पर्यटकीय गन्तव्यहरुको अभिलेख राख्ने तथा अद्यावधिक गर्ने,

(थ) प्रदेश सरकारबाट निर्माण भएका पर्यटन पूर्वाधार तथा संरचनाहरुको तोकिए बमोजिम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक प्रबन्ध गर्ने,

(द) धार्मिक पर्यटनमा रहेको सम्भावनालाई मध्यनजर गरी धार्मिक पर्यटनको विकासको लागि संयन्त्र निर्माण गर्ने,

(ध) प्रदेशभित्र रहेका उपयुक्त स्थानको पहिचान गरी प्रदेश स्तरीय पर्यटन पार्क निर्माणको योजना बनाउने र प्रदेश पार्क निर्माणको लागि आवश्यक पर्ने स्थानको पहिचान र छनोटको लागि विज्ञहरु रहेको समिति गठन गर्ने,

(न) प्रदेशभित्र रहेका नदीहरुमा उपयुक्त स्थानको पहिचान गरेर बोटिङ्ग सञ्चालनको लागि आवश्यक पूर्वाधार निर्माण, पूर्वाधार निर्माणका लागि सहजीकरण गर्ने,

(प) प्रदेश सरकार र समितिको बैठकले तोकेको अन्य कार्यहरु गर्ने।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**५३. <u>समितिको कार्यालयः</u>** पर्यटनको विकास, विस्तार तथा प्रवर्द्धनमा समन्वय, सहजीकरण, पूर्वाधार निर्माणको लागि समितिको छुट्टै कार्यालय रहनेछ। समितिको कार्यालय प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

**५४. <u>सेवा शुल्क लिन सक्नेः</u>** समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत तोके बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

**५५. <u>समितिको कोषः</u>** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहने छन्ः-

(क) प्रदेश सरकारबाट प्राप्त अनुदान तथा अन्य रकम,

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय सङ्घ, संस्थाबाट प्राप्त सहयोग वा अनुदान,

(ग) स्वदेशी तथा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त दान दातव्य वा उपहार,

(घ) व्यवसायमा संलग्न रहेका सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग, अनुदान वा उपहार,

(ङ) व्यवसायीहरुलाई प्रदान गरेको सेवा तथा परामर्श बापत प्राप्त गरेको सेवा शुल्क,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा विदेशी सङ्घ, संस्था वा व्यक्तिबाट कुनै पनि किसिमको सहयोग, अनुदान, दान, दातव्य वा उपहार लिनु अगावै समितिले प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(४) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

५६. **लेखा र लेखापरीक्षणः** (१) समितिको आय-व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको कुनै लेखा परीक्षकबाट गराउनु पर्नेछ।

(३) समितिले आफ्नो वार्षिक कारोबारको स्थिति, वासलात, लाभ, हानि र अन्य हरहिसाबका सम्बन्धमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नेछ।

५७. **प्रदेश सरकारले अनुदान दिन सक्नेः** प्रदेश सरकारले समितिलाई आवश्यक रकम अनुदानका रूपमा दिन सक्नेछ।

५८. **वार्षिक प्रतिवेदनः** कार्यकारी प्रमुखले समितिको काम कारबाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र मन्त्रालय र समिति समक्ष प्रस्तुत गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनको एक प्रति प्रदेश सरकारलाई समेत उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद- ११

## प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था

५९. **प्रमुख कार्यकारी अधिकृतः** समितिको सम्पूर्ण प्रशासनिक काम कारबाहीको रेखदेख एवं प्रबन्ध गर्न एक प्रमुख कार्यकारी अधिकृत रहनेछ।

६०. **प्रमुख कार्यकारी अधिकृतको योग्यताः** प्रमुख कार्यकारी अधिकृतको रूपमा नियुक्ति हुनका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उतीर्ण गरेको,

(ग) पर्यटन क्षेत्रमा कम्तीमा दश वर्ष अनुभव प्राप्त गरेको,

(घ) पैसठ्ठी वर्ष उमेर ननाघेको र

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।

६१. <u>प्रमुख कार्यकारी अधिकृतको छनोट तथा नियुक्तिः</u> (१) प्रमुख कार्यकारी अधिकृतको नियुक्ति प्रदेश सरकारले गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रमुख कार्यकारी अधिकृतमा नियुक्त भएको व्यक्ति कुनै सरकारी, गैर सरकारी संस्थामा संलग्न रहेको भए निजले त्यस्तो सेवाबाट अवकाश लिनु पर्नेछ र अवकाश नलिएमा त्यस्तो नियुक्ति स्वतः बदर हुनेछ।

(३) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ।

६२. <u>शपथः</u> समितिको प्रमुख कार्यकारी अधिकृतले आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्ष समक्ष अनुसूची- ११ बमोजिम शपथ लिनु पर्नेछ।

६३. <u>प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सुविधा र सेवाका सर्तहरुः</u> यस ऐन बमोजिम नियुक्त हुने प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक, सेवा र सुविधाका सर्तहरु प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

६४. <u>प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कनः</u> (१) मन्त्रालयको सचिवले प्रत्येक वर्ष प्रमुख कार्यकारी अधिकृतको कार्य सम्पादन मूल्याङ्कन गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, गण्डकी प्रदेश

(२) उपदफा (१) बमोजिम गरिने कार्य सम्पादन मूल्याङ्कनका आधार समितिले तोके बमोजिम हुनेछ।

६५. **<u>प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः</u>** प्रमुख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) यस ऐन तथा नियमावली बमोजिमका कार्यहरु गर्ने,

(ख) समितिका निर्णय एवं निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ग) समितिको दीर्घकालीन तथा अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने गराउने,

(घ) समितिबाट स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) समितिको कर्मचारी व्यवस्थापन एवं परिचालन गर्ने,

(च) अध्यक्षको आदेशानुसार समितिको बैठक बोलाउने,

(छ) समितिको प्रशासकीय प्रमुखको हैसियतले समितिको उद्देश्य प्राप्त गर्न अन्य आवश्यक कार्यहरु गर्ने,

(ज) ऐन तथा नियमावली बमोजिम समितिको आर्थिक, प्रशासनिक तथा अन्य कामहरु गर्ने,

(झ) समितिबाट स्वीकृत दीर्घकालीन तथा अल्पकालीन योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको क्रममा आवश्यक अनुगमन तथा मूल्याङ्कन गर्न लगाउने,

(ञ) समितिको योजना तथा कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको क्रममा देखा परेका समस्याको समाधानको लागि आवश्यक सुझावहरु समेत तयार गरी स्वीकृतिका लागि समितिमा पेश गर्ने,

(ट) अध्यक्षसँग परामर्श गरी समितिको बैठकमा पेश गरिने कार्यसूची तयार गर्ने,

(ठ) समितिले गरेका प्रत्येक निर्णयहरुको अभिलेख लगायत समितिले गर्नु पर्ने काम, कारोबारसँग सम्बन्धित कागजातहरु अद्यावधिक गरी सुरक्षित राख्न लगाउने,

(ड) अध्यक्ष तथा समितिले दिएका निर्देशनहरु पालन गर्ने, गराउने,

(ढ) समितिको चल, अचल सम्पत्तिको सुरक्षा तथा आवश्यक प्रबन्ध गर्ने,

(ण) समितिले निर्धारण गरेका अन्य काम गर्ने।

६६. **<u>प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुने अवस्था</u>:** देहायको अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) निजको मृत्यु भएमा,

(ख) निजको उमेर पैसठ्ठी वर्ष पूरा भएमा,

(ग) समितिको अध्यक्ष समक्ष लिखित राजीनामा दिई स्वीकृत भएमा,

(घ) प्रचलित कानून बमोजिम अयोग्य ठहरिएमा,

(ङ) समितिको एक चौथाई सदस्यले प्रस्ताव राखी बहुमत सदस्यले हटाउने निर्णय गरेमा।

६७. **<u>प्रमुख कार्यकारी अधिकृतलाई पदबाट हटाउँदा अपनाउनु पर्ने प्रक्रिया</u>:** (१) प्रमुख कार्यकारी अधिकृतले पद अनुरुपको कार्य सम्पादन नगरेको भन्ने समितिको एक चौथाई सदस्यलाई लागेमा सो कुराको जाँचबुझ गर्न समितिले त्यस्तो सदस्य बाहेकको अन्य तीन सदस्यीय जाँचबुझ समिति गठन गर्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) यस ऐन बमोजिम प्रमुख कार्यकारी अधिकृत उपर छानबिन गर्नु पर्ने भएमा छानबिनको अन्तिम किनारा नलागेसम्म समितिको सदस्य-सचिवको कार्य मन्त्रालयले खटाएको अधिकृत स्तरको कर्मचारीले गर्नेछ।

(३) उपदफा (१) बमोजिमको जाँचबुझ समितिले जाँचबुझको सिलसिलामा प्रमुख कार्यकारी अधिकृत तथा अन्य सम्बन्धित व्यक्तिलाई उपस्थित गराई आवश्यक सोधपुछ गर्न तथा आवश्यक कागजात प्रमाण पेश गर्न लगाउन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको जाँचबुझ समितिले जाँचबुझको कार्य समाप्त भएपछि आफ्नो राय सहित जाँचबुझ प्रतिवेदन समितिलाई बुझाउनु पर्नेछ।

(५) उपदफा (३) बमोजिम जाँचबुझ समितिले पेश गरेको जाँचबुझ प्रतिवेदनबाट प्रमुख कार्यकारी अधिकृतले समितिलाई हानि नोक्सानी पुऱ्याई समितिको हित विपरीत हुने गरी कुनै काम कारबाही गरेको वा समितिको नीति निर्देशन अनुरुप कार्य सम्पादन गरेको नदेखिएमा समितिले प्रमुख कार्यकारी अधिकृतलाई सफाइ पेश गर्न सात दिनको समय दिई लिखित सूचना दिनु पर्नेछ। सो समयभित्र प्रमुख कार्यकारी अधिकृतले सफाइ पेश नगरेमा वा निजले पेश गरेको सफाइ सन्तोषजनक नदेखिएमा समितिको सिफारिसमा प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ।

(६) प्रमुख कार्यकारी अधिकृतले यस ऐन बमोजिम जानी जानी समितिलाई हानि नोक्सानी पुऱ्याएको कुरा प्रमाणित भएमा निजबाट त्यस्तो हानि नोक्सानी सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

## परिच्छेद- १२

## <u>समितिको सेवा शुल्क सम्बन्धी व्यवस्था</u>

६८. **<u>सेवा शुल्कः</u>** (१) समितिले ऐनमा तोकिए बमोजिमका व्यावसायीहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रदान गरेको परामर्श तथा सेवा बापत सम्बन्धित व्यवसायीसँग सेवा शुल्क लिन सक्नेछ। व्यासायीहरुसँग लिने सेवा शुल्क तोकिए बमोजिम हुनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिले कुनै परामर्श तथा सेवामा सेवा शुल्क नलिने गरी तोक्न सक्नेछ।

६९. **<u>सेवा शुल्क उठाउन प्रतिनिधि तोक्न सक्नेः</u>** (१) समितिले व्यवसायी वा अन्य कुनै व्यक्ति वा निकायलाई सेवा शुल्क उठाउन आफ्नो प्रतिनिधि तोक्न वा अन्य कुनै तरिका अपनाई सेवा शुल्क उठाउन सक्नेछ।

(२) समितिले आवश्यक देखेमा समितिले निर्धारण गरे बमोजिमको प्रक्रिया अपनाई समितिले व्यावसायीबाट सोझै शुल्क उठाउन सक्नेछ।

७०. **<u>कोषमा दाखिला गर्नेः</u>** (१) व्यावसायीसँग उठाएको सेवा शुल्क रकम समितिको कोषमा दाखिला गर्ने जिम्मेवारी तथा दायित्व सम्बन्धित पर्यटन व्यवसायी वा समितिबाट अधिकार प्राप्त व्यक्ति वा निकायको हुनेछ।

(२) समितिले उपदफा (१) बमोजिम सेवा शुल्क उठाउन व्यवसायीलाई आफ्नो प्रतिनिधि नियुक्त गरेको अवस्थामा उपदफा (१) बमोजिम व्यवसायीले सेवा शुल्क बापत उठेको रकम समितिको कोषमा दाखिला गर्दा आफ्नो तर्फबाट समितिलाई बुझाउनु पर्ने रकम समेत हिसाब गरी समितिको कोषमा दाखिला गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) समितिले सेवा शुल्क उठाउन आफ्नो प्रतिनिधि तोकेको व्यवसायी वा अन्य कुनै व्यक्ति वा निकायले सेवा शुल्कबाट उठेको रकम समितिको कोषमा दाखिला गरेपछि सो को जानकारी समितिलाई लिखित रूपमा दिनु पर्नेछ।

(४) व्यवसायीहरुसँग सेवा शुल्क उठाउने र त्यस्तो रकम समितिको कोषमा दाखिला गर्ने सम्बन्धी अन्य कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

७१. **<u>दाखिला नगर्ने उपर कारबाही हुने:</u>** (१) सेवा शुल्क उठाई समितिको कोषमा दाखिला गर्नु पर्ने कर्तव्य भएको व्यवसायी, व्यक्ति वा निकायले सेवा शुल्क नउठाएमा वा उठाएर पनि समितिको कोषमा दाखिला नगरेमा त्यस्तो व्यवसायी, व्यक्ति वा निकायसँग सेवा शुल्क बापतको रकम असुल गर्न समितिले आवश्यक कारबाही चलाउन सक्नेछ।

(२) कुनै व्यवसायीले सेवा शुल्क नउठाएमा वा उठाएर पनि समितिको कोषमा दाखिला नगरेको पाइएमा समितिले त्यस्तो पर्यटन व्यवसायीको अनुमति पत्र निलम्बन वा खारेज गर्नको लागि प्रदेश सरकारको सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएको अवस्थामा प्रदेश सरकारको सम्बन्धित निकायले पनि सम्बन्धित व्यवसायीलाई समितिलाई हुन गएको हानि नोक्सानी बापतको रकम तिर्न लगाउने छ र सम्बन्धित व्यवसायीले समितिलाई हुन गएको हानि नोक्सानी बापतको रकम नबुझाएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो व्यवसायीको अनुमति पत्र कुनै निश्चित अवधिको लागि निलम्बन गर्न वा रद्द गर्न सक्नेछ।

(४) व्यवसायीको कारणबाट समितिलाइ हुन गएको हानि नोक्सानी बापत सम्बन्धित व्यवसायीबाट समितिले मुनासिब माफिकको क्षतिपूर्ति भराउन सक्नेछ।

७२. **समितिलाई सहयोग गर्नु पर्ने:** यस ऐन तथा नियमावली बमोजिम समितिलाई सहयोग गर्नु प्रदेश सरकार मातहतका निकायहरुको दायित्व र कर्तव्य हुनेछ।

७३. **समितिको सङ्गठन संरचना:** समितिको सङ्गठन संरचना प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

७४. **समितिको कर्मचारी:** समितिलाई आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ।

७५. **बैठक भत्ता:** बैठक भत्ता सम्बन्धी व्यवस्था प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

७६. **वार्षिक प्रतिवेदन पेश गर्ने:** प्रमुख कार्यकारी अधिकृतले ऐन बमोजिम समितिले गरेको वार्षिक प्रतिवेदन प्रत्येक वर्ष समिति र मन्त्रालयमा पेश गर्नु पर्नेछ। त्यसरी प्रतिवेदन पेश गर्दा कार्यक्रम, लागत, कार्य प्रगति र भविष्यमा गरिने सुधार समेत खुलाउनु पर्नेछ।

७७. **खाता सञ्चालन:** समितिको खाता सञ्चालन प्रमुख कार्यकारी अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

७८. **सम्पर्क मन्त्रालय:** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

## परिच्छेद-१३

## उद्योग/व्यवसाय सङ्घ सम्बन्धी व्यवस्था

७९. **स्थानीय विषयगत सङ्घको गठन:** यस ऐन बमोजिम दर्ता भएका फर्म/कम्पनीहरुको व्यवस्थित परिचालन, विकास र संयोजन तथा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विषयगत फर्म/कम्पनीहरुले सञ्चालन गर्ने व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्यमा सहयोग गर्न यस ऐन बमोजिम दर्ता भई कार्यरत रहेका फर्म/कम्पनीहरुले कुनै पर्यटकीय क्षेत्र वा एक स्थानीय क्षेत्रमा काम गर्ने गरी आपसमा मिली आफ्नो विषयको स्थानीय विषयगत सङ्घ गठन गर्न सक्नेछन्।

८०. **<u>जिल्ला विषयगत सङ्घको गठनः</u>** यस ऐन बमोजिम दर्ता भएका विषयगत फर्म/कम्पनीहरुको व्यवस्थित परिचालन, विकास र संयोजन तथा विषयगत फर्म/कम्पनीहरुले सञ्चालन गर्ने व्यवसायको विकास, प्रवर्द्धन र बजारीकरण लगायतका कार्यमा सहयोग गर्न यस ऐन बमोजिम दर्ता भई कार्यरत रहेका फर्म/कम्पनीहरु तथा स्थानीय विषयगत सङ्घले जिल्ला भरी काम गर्ने गरी आपसमा मिली आफ्नो विषयको जिल्ला विषयगत सङ्घ गठन गर्न सक्नेछन्।

८१. **<u>जिल्ला सङ्घको गठनः</u>** (१) फर्म/कम्पनीहरु मार्फत सञ्चालन हुने व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन तथा फर्म/कम्पनीहरुको व्यवस्थित परिचालन गर्न यस ऐन बमोजिम दर्ता भएका जिल्ला विषयगत सङ्घहरू आपसमा मिली जिल्ला सङ्घ गठन गर्न सक्नेछन्।

(२) यसरी सङ्घ गठन गर्दा दर्ता भएका जिल्लाभरिका पचास प्रतिशतभन्दा बढी विषयगत सङ्घहरू समावेश भएको हुनु पर्नेछ।

८२. **<u>प्रदेश विषयगत सङ्घको गठनः</u>** फर्म/कम्पनीहरु मार्फत सञ्चालन हुने व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन तथा फर्म/कम्पनीहरुलाई नियम संगत, व्यवस्थित र फर्म/कम्पनीहरु बिचको सम्बन्ध सुमधुर बनाई परिचालन गर्न यस ऐन बमोजिम दर्ता भएका जिल्लाका विषयगत सङ्घहरू मिली आफ्नो

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

विषयको प्रदेश विषयगत सङ्घ गठन गर्न सक्नेछन्। तर यसरी सङ्घ गठन गर्दा दर्ता भएका प्रदेशभरिका पचास प्रतिशतभन्दा बढी जिल्ला विषयगत सङ्घहरू समावेश भएको हुनु पर्नेछ।

८३. **<u>प्रदेश सङ्घको गठनः</u>** पर्यटन व्यवसायको विकास, प्रवर्द्धन तथा बजारीकरण लगायतका कार्यमा टेवा पुऱ्याउन यस ऐन बमोजिम दर्ता भएका जिल्ला सङ्घ र प्रदेश विषयगत सङ्घ आपसमा मिली प्रदेश सङ्घको गठन गर्न सक्नेछन्। तर यसरी सङ्घ गठन गर्दा प्रदेशभरी दर्ता भएका, जिल्ला सङ्घहरू र प्रदेश विषयगत सङ्घहरू प्रत्येकको पचास प्रतिशत सङ्घहरू समावेश भएको हुनु पर्नेछ।

८४. **<u>सङ्घ गठन गर्न नसकिनेः</u>** देहायको अवस्थामा सङ्घ गठन गर्न सकिने छैनः-

(क) कुनै पर्यटकीय क्षेत्र वा एक स्थानीय तहमा एकै प्रकृतिको एकभन्दा बढी विषयगत स्थानीय सङ्घ,

(ख) एक जिल्लामा एकै प्रकृतिको एक भन्दा बढी विषयगत जिल्ला सङ्घ,

(ग) प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी विषयगत प्रदेश सङ्घ,

(घ) एक जिल्लामा एकै प्रकृतिको एकभन्दा बढी जिल्ला सङ्घ,

(ङ) प्रदेशमा एकै प्रकृतिको एकभन्दा बढी प्रदेश सङ्घ।

८५. **<u>दर्ताको लागि दरखास्त दिनु पर्नेः</u>** (१) यस ऐन बमोजिम गठन हुन चाहने देहाय बमोजिमका सङ्घले दर्ताका लागि अनुसूची- १२ बमोजिमको शुल्क तिरी मन्त्रालयले तोकेको कार्यालयमा दरखास्त दिनु पर्नेछः-

(क) विषयगत स्थानीय सङ्घ,

(ख) विषयगत जिल्ला सङ्घ,

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) जिल्ला सङ्घ,

(घ) विषयगत प्रदेश सङ्घ,

(ङ) प्रदेश सङ्घ।

(२) उपदफा (१) बमोजिमको दरखास्तसाथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) प्रस्तावित विधान,

(ख) प्रस्तावित सदस्यको विवरण, र

(ग) दर्ता प्रयोजनका लागि भएका निर्णयहरु।

८६. **<u>सङ्घको कोषः</u>** (१) सङ्घको कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) सदस्यता शुल्क,

(ख) वार्षिक शुल्क,

(ग) नवीकरण शुल्क,

(घ) ऋणको रूपमा प्राप्त रकम,

(ङ) नेपाल सरकारबाट प्राप्त रकम,

(च) प्रदेश सरकारबाट प्राप्त रकम,

(छ) स्थानीय तहबाट प्राप्त रकम,

(ज) विदेशी सरकार वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम, र

(झ) व्यवसायिक कार्यबाट आर्जित रकम,

(२) उपदफा (१) को खण्ड (ज) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(३) माथि जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घ/विषयगत सङ्घले व्यवसाय सञ्चालन गरेमा वा व्यवसायमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

लगानी गरेको अवस्थामा उपदफा (१) को खण्ड (ङ), (च) र (छ) बमोजिमको रकम प्राप्त हुने छैन।

८७. <u>**उपलब्ध गराउनु पर्ने विवरण र समयः**</u> (१) सङ्घले प्रत्येक वर्ष देहायका विवरण सहितको प्रतिवेदन माथिल्लो सङ्घ र दर्ता गर्ने कार्यालयमा बुझाउनु पर्नेछः-

(क) वार्षिक प्रतिवेदन,
(ख) लेखापरीक्षण प्रतिवेदन,
(ग) सञ्चालकको विवरण,
(घ) निरीक्षण प्रतिवेदन,
(ङ) साधारण सभाको बैठकको निर्णय सम्बन्धी जानकारी,
(च) माथिल्लो सङ्घ तथा मन्त्रालयले समय समयमा तोकिदिएका अन्य विवरण।

(२) सङ्घले प्रत्येक वर्ष देहायको समयमा माथिल्लो सङ्घ दर्ता गर्ने कार्यालयमा विवरण बुझाउनु पर्नेछः-

(क) स्थानीय सङ्घले आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र,
(ख) विषयगत जिल्ला सङ्घले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र,
(ग) जिल्ला सङ्घ र विषयगत प्रदेश सङ्घले आर्थिक वर्ष समाप्त भएको पाँच महिनाभित्र,
(घ) प्रदेश सङ्घले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र।

(३) प्रदेश सङ्घले आफ्नो प्रतिवेदन मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## परिच्छेद- १४

## फर्म/कम्पनी तथा सङ्घको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था

८८. **कार्यालयले अनुगमन गर्न सक्ने:** (१) दर्ता गर्ने कार्यालयले सङ्घको अनुगमन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता गर्ने कार्यालयले सङ्घको अनुगमन गर्दा आवश्यकता अनुसार माथिल्लो सङ्घको सहयोग लिन सक्नेछ।

८९. **मन्त्रालयले निरीक्षण तथा अनुगमन गर्न सक्ने:** मन्त्रालयबाट सङ्घको निरीक्षण तथा अनुगमन गरी माथिल्लो सङ्घ वा कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ।

९०. **सङ्घले निरीक्षण गर्न सक्ने:** सङ्घले आफ्ना सदस्यको कामको निरीक्षण गर्न सक्नेछ।

९१. **आर्थिक सहयोग तथा कोष खडा गर्न सक्ने:** (१) साधारण सभाबाट निर्णय गराई सङ्घले देहाय बमोजिम कोष खडा गर्न सक्नेछ।

(क) सङ्घ वा सङ्घका सदस्यले सञ्चालन गर्ने व्यवसाय प्रवर्द्धनका लागि व्यवसाय प्रवर्द्धन कोष,
(ख) सङ्घका सदस्यका व्यवसायमा आई पर्न सक्ने आपत विपद्मा सहयोग गर्न सदस्य सहयोग कोष,
(ग) प्रदेशका विभिन्न स्थानमा आई पर्ने दैवी प्रकोप तथा प्राकृतिक प्रकोपमा सहयोग गर्न दैवी प्रकोप उद्धार सहयोग कोष,

(२) सङ्घले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता जस्ता विषयमा आर्थिक सहयोग गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) उपदफा (१) बमोजिमको कोषको व्याख्या र प्रयोग सङ्घको कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ।

९२. **<u>विवाद समाधानः</u>** व्यावसायिक फर्म वा कम्पनी बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरुपणका लागि सम्बन्धित सङ्घले विवाद निरुपण समितिको गठन गर्न सक्नेछ।

९३. **<u>अन्य व्यवस्थाः</u>** सङ्घ/विषयगत सङ्घ सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून र सङ्घ/विषयगत सङ्घको विधानमा व्यवस्था भए बमोजिम हुनेछ।

## परिच्छेद- १५

## <u>विविध</u>

९४. **<u>अनलाइन सेवा प्रदायकले अनुमति लिनु पर्नेः</u>** (१) इन्टरनेटलाई माध्यम बनाई ऐजेन्सीको काम गर्न वा पर्यटनसँग सम्बन्धित अन्य कुनै पनि गतिविधि गर्न अनलाइन सेवा प्रदान गर्न चाहनेले यस ऐनमा उल्लिखित शुल्क तिरी कार्यालयबाट अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन गतिविधि वा सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

९५. **<u>पर्यटन सेवा शुल्क लाग्नेः</u>** पर्यटन सेवा शुल्क प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

९६. **<u>फोहरमैलाको व्यवस्थापनः</u>** (१) पर्यटन गतिविधिमा प्रयोग भएका वस्तु वा त्यसबाट निस्केको फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनको लागि फोहरमैलालाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) नष्ट गर्न सकिने फोहरमैला, र

(ख) पुनः प्रशोधन गर्न सकिने फोहरमैला।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) इजाजत प्राप्त एजेन्सीले उपदफा (१) को खण्ड (क) बमोजिमका फोहरमैला पानीघाट वा सार्वजनिक महत्व वा सन्धिसर्पन नपर्ने ठाउँमा पुऱ्याई उक्त वस्तुको प्रकृति अनुसार जलाउने, नष्ट गर्ने वा खाडल खनी पुर्ने व्यवस्था गर्नु पर्नेछ।

(३) इजाजत प्राप्त एजेन्सीले उपदफा (१) को खण्ड (ख) बमोजिमका फोहरमैला मन्त्रालयले तोकेको निकाय वा संस्थालाई बुझाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम फोहरमैला व्यवस्थापन गर्न मन्त्रालयले तोकेको निकाय वा संस्थाले एजेन्सीसँग तोकिए बमोजिमको शुल्क लिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम शुल्क उपलब्ध नगराएमा बैंक ग्यारेन्टीको रूपमा कार्यालयमा राखेको रकमबाट कट्टा हुने गरी फोहरमैला व्यवस्थापन गर्न तोकेको निकाय वा संस्थालाई उपलब्ध गराइनेछ।

(६) उपदफा (५) बमोजिम रकम उपलब्ध गराएमा सम्बन्धित व्यवसायीले बैंक ग्यारेन्टी बराबरको रकम पैंतीस दिनभित्र दाखिला गर्नु पर्नेछ।

९७. **<u>प्रतिवेदन वा विवरण पेश गर्नुपर्ने</u>**: (१) यस ऐन बमोजिम पर्यटकीय गतिविधि सञ्चालन गर्ने व्यवसायीले तोकिए बमोजिम आवधिक प्रतिवेदन मन्त्रालय वा कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक मन्त्रालयले समय समयमा यस ऐन बमोजिम इजाजत प्राप्त गरी पर्यटन व्यवसाय सञ्चालन गर्ने, गराउने फर्म वा व्यक्तिसँग आवश्यक देखिएमा अन्य विवरण समेत माग गर्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(३) प्रदेश सरकारले यस ऐन बमोजिम सञ्चालन हुने पर्यटकीय गतिविधिमा जुनसुकै समयमा निरीक्षण गरी निर्देशन दिन र पर्यटकीय गतिविधि सञ्चालन गर्न इजाजत प्राप्त निकायको हिसाब किताब तथा अन्य अभिलेख जाँच्न जँचाउन सक्नेछ।

(४) मन्त्रालयले इजाजत पत्र प्राप्त व्यक्ति, फर्म वा कम्पनीले पालन गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्न सक्नेछ र त्यस्तो आचारसंहिताको पालना गर्नु सम्बन्धित इजाजत पत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ।

९८. **<u>अरुलाई काम गर्न दिन नहुने</u>**: एजेन्सीको इजाजत पत्र प्राप्त व्यक्ति वा होटल वा लज वा यस ऐन बमोजिमको अन्य पर्यटन व्यवसाय दर्ता गराउने फर्म वा व्यक्तिले आफ्नो व्यवसाय अरुलाई धितो बन्धक दिन वा अरु कुनै किसिमले आफ्नो व्यवसायको नामबाट अरु कसैलाई त्यस्तो व्यवसाय सञ्चालन गर्न दिनु हुँदैन।

तर यस ऐन बमोजिम इजाजत लिई सञ्चालन गरेको पर्यटन व्यवसायले कुनै बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

९९. **<u>नेपाली पर्यटक सम्बन्धी विशेष व्यवस्था</u>**: प्रदेश सरकारले समय समयमा सूचना प्रकाशन गरी यस ऐनमा उल्लिखित कुनै व्यवस्था नेपाली पर्यटकहरुको सम्बन्धमा लागू नहुने गरी तोकी दिन सक्नेछ।

१००. **<u>विवरणमा हेरफेर भएमा सूचना दिनु पर्ने</u>**: एजेन्सीको इजाजत पत्रको लागि वा होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार वा पर्यटन व्यवसायको दर्ताको लागि दरखास्त दिंदा खुलाएको विवरणमा कुनै हेरफेर गरिएमा सो गरेको तीस दिनभित्र उक्त व्यवहोराको सूचना

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

पर्यटन व्यवसाय सञ्चालन गर्न इजाजत पत्र प्राप्त व्यक्ति वा फर्म वा कम्पनीले कार्यालय समक्ष सूचना दिनु पर्नेछ।

१०१. **व्यवसाय बन्द गर्नु परेमा सूचना दिनु पर्ने**: (१) यस ऐन बमोजिम कुनै पर्यटन व्यवसाय दर्ता गरी सञ्चालन गर्ने व्यक्ति वा फर्म वा कम्पनीले आफ्नो व्यवसाय बन्द गरेमा बन्द गरेको मितिले तीस दिनभित्र मन्त्रालय वा कार्यालय समक्ष सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना नदिएमा निजले प्रदेश सरकारलाई बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

१०२. **छुट दिन सक्ने**: नेपाल सरकार वा प्रदेश सरकारले घोषणा गरेको भ्रमण वर्ष, उत्सव, राष्ट्रिय तथा प्रादेशिक महत्वका कार्यक्रमहरु एवं प्रदेशमा भएका महामारी, प्राकृतिक विपत्तिका कारण पर्यटन उद्योगमा परेको असरलाई मध्यनजर गरी प्रदेश सरकारले प्रदेश भरी सञ्चालित पर्यटन उद्योग वा कुनै विशेष क्षेत्र वा कुनै विषयगत उद्योगलाई इजाजत शुल्क, नवीकरण, जरिबानामा पुरै वा आशिंक छुट र उद्योगको पुनर्स्थापनाको लागि सहयोग उपलब्ध गराउन सक्नेछ।

१०३. **रोक लगाउन सक्ने**: प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी निश्चित स्थानमा निश्चित अवधिका लागि निश्चित व्यवसायको इजाजत नदिने गरी रोक लगाउन सक्नेछ।

१०४. **पर्यटक प्रहरी सम्बन्धी व्यवस्था**: (१) पर्यटकीय क्षेत्र र स्वदेशी तथा विदेशी पर्यटकको सुरक्षा सम्बन्धी कार्य गर्न प्रदेश सरकारले प्रदेश प्रहरीलाई पर्यटक प्रहरीको रूपमा खटाउन सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम खटिने प्रहरीको सञ्चालन र व्यवस्थापन मन्त्रालयले सम्बन्धित प्रदेश प्रहरी हेर्ने मन्त्रालयको सहमतिमा तोकिए बमोजिम गर्नेछ।

१०५. **फर्म वा कम्पनी एक आपसमा गाभिन सक्नेः** कम्तीमा पाँच वर्ष काम गरेको फर्म वा कम्पनी एक आपसमा गाभिन चाहेमा प्रचलित कानून बमोजिम गाभिन सक्नेछन्।

१०६. **सहकारी संस्था वा समूहले पर्यटन उद्योग/व्यवसाय सञ्चालन गर्न सक्नेः** सहकारी संस्था वा समूह/सङ्घले पर्यटन उद्योग सञ्चालन गर्न चाहेमा यस ऐनमा उल्लेख भएका उद्योग/व्यवसाय सञ्चालन गर्न सक्नेछ।

तर दण्ड जरिबाना सम्बन्धी कारबाही गर्ने अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

१०७. **दक्ष जनशक्ति उत्पादनः** पर्यटन क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न तालिम/प्रशिक्षण सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०८. **प्राकृतिक वा मानव निर्मित जलाशयमा बोटिङ्ग लगायतका पर्यटकीय गतिविधि सञ्चालनः** प्राकृतिक वा मानव निर्मित जलाशयहरुमा बोटिङ्ग लगायतका पर्यटकीय गतिविधि सञ्चालन गर्न प्रदेश सरकारले सहजीकरण गर्न सक्नेछ।

१०९. **शाखा खोल्न पाउनेः** होटल तथा पर्यटन उद्योगले प्रदेशभित्र शाखा खोल्न पाउने छन्। यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११०. **उद्योगी/व्यवसायी तालिम कक्षाः** (१) विद्यमान कानून, सामाजिक उत्तरदायित्व, कर प्रणाली, व्यवस्थापकीय दक्षता अभिवृद्धि,

बजारीकरण लगायतका विषयमा प्रदेश सरकारले उद्योगी/व्यवसायी तालिम कक्षा सञ्चालन गर्नेछ।

(२) तालिम कक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१११. **आपतकालीन खोज, उद्धार तथा उपचार सम्बन्धी व्यवस्था:** दुर्घटनामा परेका, सम्पर्क विहीन भई बेपत्ता भएका वा गम्भीर स्वास्थ्य अवस्था भएका पर्यटन श्रमिक तथा पर्यटकको खोज, उद्धार तथा उपचार सम्बन्धी व्यवस्थाका लागि प्रदेश सरकारले आपतकालीन खोज, उद्धार तथा उपचार सम्बन्धी आवश्यक व्यवस्था गर्न सक्नेछ।

११२. **विद्युतीय टिकट तथा सेवा सम्बन्धी व्यवस्था:** प्रदेश सरकारले पर्यटकका लागि शुल्क लाग्ने व्यवस्था भएका सबै पर्यटकीय क्षेत्रमा विद्युतीय टिकट, सेवा सम्बन्धी जानकारी तथा पर्यटक र पथप्रदर्शकको विवरणको लागि आवश्यक पर्ने कार्यालय वा काउण्टरको व्यवस्था गर्न, गराउन सक्नेछ।

११३. **प्रभावकारिता मापन गरिने:** (१) मन्त्रालयले यो ऐन प्रारम्भ भएको पहिलो वर्ष र त्यसपछि प्रत्येक तीन/तीन वर्षमा यस ऐनको कार्यान्वयनको प्रभावकारिता अध्ययन गरी सो को प्रतिवेदन प्रदेश सरकार मार्फत प्रदेश सभाको सम्बन्धित समिति समक्ष पेश गर्नु पर्नेछ।

(२) विद्युतीय टिकट तथा सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

११४. **इजाजत पत्रको भाषा:** यस ऐन अन्तर्गतका फारामहरु नेपाली तथा अङ्ग्रेजी भाषामा छपाई गरी प्रयोग गर्न सकिनेछ।

**११५. <u>अधिकार प्रत्यायोजन गर्न सक्ने</u>**ः (१) यस ऐन बमोजिम प्रदेश सरकारलाई प्राप्त अधिकारमध्ये सबै वा केही अधिकार मन्त्रालयलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) यस ऐन बमोजिम मन्त्रालयलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार मातहतको कार्यालय वा कुनै अधिकारी तोकी त्यस्तो अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दण्ड जरिबाना सम्बन्धी कारबाही गर्ने अधिकार प्रत्यायोजन गर्न पाइने छैन।

**११६. <u>अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्ने</u>:** प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ।

**११७. <u>नियम, निर्देशिका, कार्यविधि एवं मापदण्ड बनाउने अधिकार</u>:** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) मन्त्रालयले यस ऐन तथा नियमको अधिनमा रही निर्देशिका, कार्यविधि एवं मापदण्ड बनाउन सक्नेछ।

**११८. <u>यसै ऐन बमोजिम हुने</u>:** यस ऐनमा लेखिएका कुराहरुको हकमा यसै ऐन बमोजिम र अन्य कुराको हकमा सो सम्बन्धी व्यवस्था प्रदेश कानूनमा भए सोही बमोजिम र नभए प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

**११९. <u>बचाउः</u>** यस ऐनको कार्य क्षेत्रभित्र परेका यो ऐन जारी हुनु अघि प्रदेश सरकार र अन्तर्गतका निकायबाट भए गरेका कामहरु यसै ऐन अन्तर्गत भए गरेको मानिनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- १

(दफा ३ को उपदफा (५) र दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

दर्ता तथा नवीकरण शुल्क

## होटल, तारे (स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार दर्ता तथा नवीकरण शुल्कः

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद नाघेको ३५ दिनसम्म | म्याद नाघेको | | | |
| | | | | तीन महिनासम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप | |
| १. | साधारण होटल, लज तथा रेष्टुराँ | ५,००० | ५,००० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको जरिबाना समेतको कुल रकममा प्रतिवर्ष १००% का दरले थप। |
| २. | रिसोर्ट, पव, लाउन्ज तथा बार | ७,५०० | ७,५०० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको जरिबाना समेतको कुल रकममा प्रति वर्ष १००% का दरले थप। |
| ३. | पर्यटक आवास (साधारण) तथा एक तारे होटल | १०,००० | १०,००० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको जरिबाना समेतको कुल रकममा प्रति |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद नाघेको ३५ दिनसम्म | म्याद नाघेको | | | |
| | | | | तीन महिनासम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप | |
| | | | | | | | वर्ष १००% का दरले थप। |
| ४. | दुई तारे होटल | २०,००० | २०,००० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको जरिबाना समेतको कुल रकममा प्रति वर्ष १००% का दरले थप। |
| ५. | तीन तारे होटल | ३०,००० | ३०,००० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको जरिबाना समेतको कुल रकममा प्रति वर्ष १००% का दरले थप। |
| ६. | पर्यटक आवास (डिलक्स) | ४०,००० | ४०,००० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्षको जरिबाना समेतको कुल रकममा प्रति वर्ष १००% का दरले थप। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| सि. नं. | होटलको किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद नाघेको ३५ दिनसम्म | म्याद नाघेको | | | |
| | | | | तीन महिनासम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप | |
| +७ | होटलभित्र छुट्टै व्यवसायको रूपमा सञ्चालन भएका डान्सबार, मोटल, कफिसप, साउना, ज्याकुजी सेन्टर, जीम क्लब, स्वीमिङ्ग पूल, हेल्थ क्लब, ब्युटिपार्लर, नाइट क्लब | ५,००० | ५,००० | २५% | ५०% | १००% | सोभन्दा पछि प्रत्येक वर्ष १००% का दरले थप |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

+ प्रदेश आर्थिक ऐन, २०७९ द्वारा थप।

## अनुसूची- २

(दफा ३ को उपदफा (५) सँग सम्बन्धित)

## <u>होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बार सञ्चालन इजाजत पत्र</u>

इजाजत पत्र सङ्ख्याः

निम्न लिखित विवरण भएको होटल/तारे(स्टार) होटल/पर्यटक स्तरको होटल/लज/रेष्टुराँ तथा रिजर्ट/पव/लाउञ्ज/ होमस्टे /बार सञ्चालन गर्न प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम यो इजाजत पत्र प्रदान गरिएको छ।

**१. इजाजत पत्र प्राप्त फर्म वा कम्पनीको**

(क) नाम, थरः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयर धनी/प्रोप्राइटरको नाम र विवरणः

**२. <u>होटल, तारे(स्टार) होटल, पर्यटक स्तरको होटल, लज, रेष्टुराँ तथा रिजर्ट, पव, लाउञ्ज, होमस्टे तथा बारकोः-</u>**

(क) नाम, थरः

(ख) कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

**३. अवधिः ................. देखि ............... सम्म**

**इजाजत पत्र दिने अधिकारीको**

दस्तखतः

नामः

पद :

मिति : कार्यालयको छाप

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

**इजाजत पत्र नवीकरणको विवरण**

| नवीकरण मिति | नवीकरणको अवधि | नवीकरण गर्ने अधिकारीको | | कैफियत |
|---|---|---|---|---|
| | | नाम | हस्ताक्षर | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(क) यो प्रमाणपत्रको अवधि पाँच वर्षको हुनेछ र समय समाप्त हुनु अगाडि नवीकरण गराउनु पर्नेछ।

(ख) यो प्रमाणपत्र हराएमा वा च्यातिएमा पुनः प्रतिलिपि लिनका लागि एक हजार रूपैयाँ लाग्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ३

(दफा १२ को उपदफा (१) र उपदफा (२) सँग सम्बन्धित)

## फर्म वा कम्पनीको पुँजी र सुरक्षण रकम

### १. एजेन्सी सञ्चालनका लागि आवश्यक फर्म वा कम्पनीको पूँजी

| सि.नं. | एजेन्सी | फर्म/ कम्पनी | चालु वा चुक्ता पूँजी रु. (कम्तीमा) | कैफियत |
|---|---|---|---|---|
| १. | साहसिक पर्यटन तथा जलयात्रा एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |
| २. | ट्राभल एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |
| ३. | ट्रेकिङ्ग एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |
| ४. | पर्यटक यातायात एजेन्सी | फर्म | २५,००,००० | |
| | | कम्पनी | ५०,००,००० | |

### २. एजेन्सी सञ्चालनका लागि आवश्यक सुरक्षण रकमः

(क) साहसिक पर्यटन तथा जलयात्रा एजेन्सीको हकमा कम्तीमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(ख) ट्राभल एजेन्सीको हकमा कम्तीमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(ग) ट्रेकिङ्ग एजेन्सीको हकमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

(घ) पर्यटक यातायात एजेन्सीको हकमा पाँच लाख रूपैयाँ कार्यालयको नाममा बैंक ग्यारेन्टी राख्नु पर्ने।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ४

(दफा १३ को उपदफा (३), १४ को उपदफा (१) र (२), दफा २६ र दफा ३६ को उपदफा (२) सँग सम्बन्धित)

### दर्ता (इजाजत) तथा नवीकरण शुल्क

**१. एजेन्सीको दर्ता (इजाजत) शुल्क तथा नवीकरण शुल्क रु.:**

| एजेन्सीको किसिम | पैँतिस दिनभित्र | तीन महिनासम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप | एक वर्षभन्दा पछि थप |
|---|---|---|---|---|---|
| सबै एजेन्सीहरु | २५००० | १०% | १५% | २५% | सो भन्दा पछि प्रत्येक वर्ष १००%का दरले थप |

**२. साहसिक पर्यटन एजेन्सीद्वारा सञ्चालन गरिने क्रियाकलापहरुका लागि वार्षिक इजाजत शुल्कः**

**(क) वार्षिक इजाजत शुल्कः**

| सि.नं. | क्रियाकलाप | वार्षिक इजाजत शुल्क रु. | कैफियत |
|---|---|---|---|
| १. | स्कीईङ्ग | २५,००० | |
| २. | हिमतालमा डाईभिङ्ग | २५,००० | |
| ३. | बञ्जी जम्पिङ | ४०,००० | |
| ४. | जीप फ्लायर | ४०,००० | |
| ५. | क्यानोनिङ | ३०,००० | |
| ६. | क्यानोपि वाकिङ्ग | १५,००० | |
| ७. | अन्य साहसिक गतिविधि | ५०,००० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ख) यसै अनुसूचीको खण्ड २ को (क) को सि.नं. (७) मा उल्लिखित अन्य साहसिक गतिविधि/क्रियाकलाप सञ्चालन गर्न निवेदन पर्न आएमा र मन्त्रालयले सञ्चालन गर्न उपयुक्त देखेमा तोकिएको वार्षिक शुल्क लिई सञ्चालन गर्न इजाजत दिन सक्नेछ।

## ३. मनोरञ्जनात्मक पर्यटन व्यवसाय दर्ता तथा नवीकरण शुल्कः

| सि.नं. | क्रियाकलाप | दर्ता शुल्क रु. | वार्षिक नवीकरण शुल्क रु. | कैफियत |
|---|---|---|---|---|
| १ | केबलकारः | | | |
| १.१ | पाँच डब्बासम्म भएको | ५०,००० | १०,००० | |
| १.२ | छदेखि दश डब्बासम्म भएको | ७५,००० | १५,००० | |
| १.३ | एघारदेखि पन्ध्र डब्बासम्म भएको | १,००,००० | २०,००० | |
| १.४ | सोह्रदेखि बीस डब्बासम्म भएको | १,५०,००० | ३०,००० | |
| १.५ | एक्काइसदेखि पच्चीस डब्बासम्म भएको | २,००,००० | ४०,००० | |
| १.६ | पच्चीस भन्दा बढी डब्बा भएको | २,५०,००० | ५०,००० | |
| २ | एम्यूज्मेन्ट पार्क वा फन पार्क | ५०,००० | ५,००० | |
| ३ | अन्य पार्क | ३०,००० | ६,००० | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) यदि कसैले यो ऐन प्रारम्भ भएको मितिसम्म इजाजत पत्र नवीकरण गराउन नसकेको भएमा इजाजत पत्र प्राप्त व्यक्तिले त्यस्तो इजाजत पत्र नवीकरण गराउन चाहेमा यो ऐन प्रारम्भ भएको एक वर्षभित्र प्रतिवर्ष दर्ता शुल्कको शतप्रतिशतका दरले दस्तुर लिई एक पटकको लागि मन्त्रालय वा कार्यालयले नवीकरण गरी दिन सक्नेछ।

(ख) माथि उल्लिखित बमोजिमको म्यादभित्र पनि कसैले इजाजत पत्र नवीकरण नगरेमा त्यस्तो इजाजत पत्र स्वतः रद्द हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

# अनुसूची- ५

(दफा १३ को उपदफा (३) सँग सम्बन्धित)

## <u>एजेन्सी सञ्चालन इजाजत पत्र</u>

**इजाजत पत्र सङ्ख्याः**

निम्न लिखित विवरण भएको **ट्राभल/ट्रेकिङ्ग/साहिसक पर्यटन तथा जलयात्रा/पर्यटक यातायात** एजेन्सी सञ्चालन गर्न प्रदेश पर्यटन ऐन, २०७८ बमोजिम यो इजाजत-पत्र प्रदान गरिएको छ।

**१. इजाजत पत्र प्राप्त फर्म वा कम्पनीको**

(क) नाम, थरः

(ख) ठेगानाः

(ग) धनी/संस्थापक शेयरधनी/प्रोप्राइटरको नाम र विवरणः

**२. एजेन्सीको**

(क) नाम, थरः

(ख) कार्यालय रहने ठेगानाः

(ग) शाखा कार्यालय रहने ठेगानाः

**३. एजेन्सीको अवधिः ................. देखि ............... सम्म इजाजत पत्र दिने अधिकारीको**

दस्तखतः

नाम, थरः

पदः

मितिः                                                                 कार्यालयको छाप



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## इजाजत पत्र नवीकरणको विवरण

| नवीकरण मिति | नवीकरणको अवधि | नवीकरण गर्ने अधिकारीको | | कैफियत |
|---|---|---|---|---|
| | | नाम | हस्ताक्षर | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(क) यो प्रमाणपत्रको अवधि पाँच वर्षको हुनेछ र समय समाप्त हुनु अगाडि नवीकरण गराउनु पर्नेछ।

(ख) यो प्रमाणपत्र हराएमा वा च्यातिएमा पुनः प्रतिलिपि लिनका लागि एक हजार रूपैयाँ लाग्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

## अनुसूची- ६
(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

**स्कीइङ्ग, हिमतालमा डाईभिङ्ग तथा अन्य साहसिक गतिविधि गर्न चाहनेले पेश गर्नु पर्ने कागजात**

१. स्कीइङ्ग तथा हिमतालमा डाईभिङ्ग गर्न चाहने दलले अनुमतिका लागि इजाजत प्राप्त साहसिक पर्यटन एजेन्सी मार्फत पेश गर्नु पर्ने प्रमाण कागजातः

(क) एजेन्सीको अवधि कायम रहेको इजाजत पत्रको प्रमाणित प्रतिलिपि,

(ख) स्कीइङ्गको हकमा स्कीइङ्ग गर्ने हिमाली क्षेत्रको नाम, अवधि, नक्सा सहितको विवरण,

(ग) डाइभिङ्गको हकमा डाइभिङ्ग गर्ने हिमतालको नाम, अवधि र नक्सा सहितको विवरण,

(घ) दलमा सम्मिलित हुने नेता तथा सदस्यहरुको एक/एक प्रति फोटोसहित व्यक्तिगत विवरण, पासपोर्ट र भिषाको प्रतिलिपि,

(ङ) स्कीइङ्गको हकमा सलामी बापत लाग्ने दस्तुर दश जनासम्म सदस्य भए पर्वतारोहण वा ट्रेकिङ्ग दस्तुर बाहेक विदेशी पर्यटकको लागि प्रतिव्यक्ति पचास अमेरिकी डलर, सार्क राष्ट्रका पर्यटकका लागि प्रतिव्यक्ति दुई हजार रूपैयाँ र नेपाली पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँ र सोभन्दा बढी सदस्यहरु भएमा प्रति थप सदस्य एक सय अमेरिकी डलरका दरले मन्त्रालयले तोकेको खातामा बुझाएको बैंक भौचर,

(च) डाइभिङ्गको हकमा सलामी बापत लाग्ने दस्तुर पर्वतारोहण वा ट्रेकिङ्ग दस्तुर बाहेक विदेशी पर्यटकको लागि प्रतिव्यक्ति

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

पचास अमेरिकी डलर बराबरको रकम, सार्क राष्ट्रका पर्यटकका लागि प्रतिव्यक्ति दुई हजार रूपैयाँ र नेपाली पर्यटकलाई प्रतिव्यक्ति एक हजार रूपैयाँ मन्त्रालय/कार्यालयले तोकेको खातामा बुझाएको बैंक भौचर,

(छ) फोहरमैला व्यवस्थापनको लागि मन्त्रालयले तोकेको धरौटी खातामा पाँच सय अमेरिकी डलर बराबरको रकम गरी सो को भौचर, (फोहरमैला व्यवस्थापनको लागि स्थानीय तहले शुल्क तोक्न सक्नेछ र सम्बन्धित स्थानीय तहले तोके बमोजिमको शुल्क स्थानीय तहमा बुझाएको प्रमाण पेश गरी निवेदन दिएमा मन्त्रलयमा जम्मा भएको धरौटी रकम फिर्ता हुनेछ।)

(ज) हेलिकप्टरको प्रयोग गर्नु पर्ने भए सो को लागि नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृति प्राप्त गरेको पत्र,

(झ) निर्देशित क्षेत्रमा उडान गर्नु पर्ने भए गृह मन्त्रालयको स्वीकृति पत्र,

(ञ) सम्पर्क अधिकृत लगायत श्रमिकहरुको नेपाल सरकारबाट मान्यता प्राप्त कुनै बिमा कम्पनीसँग व्यक्तिगत दुर्घटना तथा औषधोपचारको लागि बिमा गराएको कागजात।

२. स्कीइङ्ग तथा हिमतालमा डाईभिङ्ग बाहेक अन्य साहसिक क्रियाकलाप गर्न चाहने दलले अनुमतिका लागि इजाजत प्राप्त साहसिक पर्यटन एजेन्सी मार्फत पेश गर्नुपर्ने प्रमाण कागजातः

(क) साहसिक क्रियाकलापको विवरण, सञ्चालन हुने स्थान, अवधि र सम्भव भएसम्म नक्सा,

(ख) क्रियाकलापमा सम्मिलित हुने दलका नेता तथा सदस्यहरुको एक/एक प्रति फोटो सहित व्यक्तिगत विवरण, पासपोर्ट र भिषाको प्रमाणित प्रतिलिपि,

(ग) सम्बद्ध एजेन्सीको अवधि कायम रहेको इजाजत पत्रको प्रमाणित प्रतिलिपि,

(घ) अनुमति (सलामी) शुल्क बापत विदेशी पर्यटकलाई प्रतिव्यक्ति पचास अमेरिकी डलर बराबरको रकम, सार्क राष्ट्रका पर्यटकका लागि प्रतिव्यक्ति पाँच सय रूपैयाँ र नेपाली पर्यटकलाई प्रतिव्यक्ति एक सय रूपैयाँ बुझाएको बैंक भौचर,

(ङ) प्रति दलका लागि फोहरमैला व्यवस्थापनको लागि मन्त्रालयले तोकेको धरौटी खातामा मन्त्रालयले तोके बमोजिमको रकम जम्मा गरी सो को बैंक भौचर, (फोहरमैला व्यवस्थापनका लागि स्थानीय तहले शुल्क तोक्न सक्नेछ तथा सम्बन्धित स्थानीय तहले तोके बमोजिमको शुल्क स्थानीय तहमा बुझाएको प्रमाण पेश गरी निवेदन दिएमा मन्त्रालयमा जम्मा भएको धरौटी रकम फिर्ता हुनेछ।)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ७

(दफा २४ को उपदफा (५) सँग सम्बन्धित)

## साहसिक पर्यटनका लागि दलसँग जाने सम्पर्क व्यक्तिले पेश गर्नु पर्ने प्रतिवेदन

१. आफू संलग्न भएको साहसिक पर्यटन क्रियाकलापको नामः
२. सञ्चालन गर्ने दलको नामः
३. दलमा रहेका सदस्यहरुको सङ्ख्याः
४. दलको नेताको नामः
५. काममा लगाइएका श्रमिकहरुको सङ्ख्याः
६. सम्बन्धित ट्रेकिङ्ग एजेन्सीको नामः
७. सञ्चालन गरेको स्थानः
८. ब्रिफिङ्ग भएको मितिः
९. प्रस्थान गरेको मिति र माध्यमः
१०. यात्राको दैनिक विवरणः

| ठाउँ | मिति | दिन |
|---|---|---|
| | | |
| | | |
| | | |

११. सञ्चालन गर्ने स्थानमा पुगेको मितिः
१२. सञ्चालनको अवधि (यात्रा मार्गसहित) मा उठेका समस्या र समाधानका प्रयासः
१३. सञ्चालन अवधिमा कुनै दुर्घटना भएको भए सो को विवरण :
१४. सञ्चालन भएको स्थानमा बिताएको दिनः
१५. लस्कर मार्ग तथा पुलपुलेसाहरुको अवस्थाः
१६. लस्कर मार्गमा उपलव्ध सेवाको अवस्था र स्तरः
१७. सञ्चालन भएको स्थानबाट प्रस्थान मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१८. फर्केको मितिः

१९. पेश गर्नुपर्ने कागजातः

(क) यात्रा गरेको टिकट (आतेजाते)

(ख) सञ्चालन भएको ठाउँमा दलसँग खिचिएको फोटो

(ग) अन्य कुनै सुझाव भए त्यसको प्रतिवेदन।

प्रतिवेदन पेश गर्ने सम्पर्क व्यक्तिकोः

सहीः

नाम, थरः

कार्यालयः

फोन नं. कार्यालय................

निवास.........................

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ८

(दफा २४ को उपदफा (१७) को खण्ड (ख) सँग सम्बन्धित)

## साहसिक पर्यटनका लागि दलसँग जाने सम्पर्क अधिकृतले पेश गर्नुपर्ने प्रतिवेदन

१. आफू संलग्न भएको साहसिक पर्यटन क्रियाकलापको नामः

२. सञ्चालन गर्ने दलको नामः

३. दलमा रहेका सदस्यहरुको सङ्ख्याः

४. दलको नेताको नामः

५. काममा लगाइएका श्रमिकहरुको सङ्ख्याः

६. सम्बन्धित ट्रेकिङ्ग एजेन्सीको नामः

७. सञ्चालन गरेको स्थानः

८. ब्रिफिङ्ग भएको मितिः

९. प्रस्थान गरेको मिति र माध्यमः

१०. यात्राको दैनिक विवरणः

| ठाउँ | मिति | दिन |
|---|---|---|
| | | |
| | | |
| | | |

११. सञ्चालन गर्ने स्थानमा पुगेको मितिः

१२. सञ्चालनको अवधि (यात्रा मार्गसहित) मा उठेका समस्या र समाधानका प्रयासः

१३. सञ्चालन अवधिमा कुनै दुर्घटना भएको भए सो को विवरणः

१४. सञ्चालन भएको स्थानमा बिताएको दिनः

१५. लस्कर मार्ग तथा पुलपुलेसाहरुको अवस्थाः

१६. लस्कर मार्गमा उपलब्ध सेवाको अवस्था र स्तरः

१७. सञ्चालन भएको स्थानबाट प्रस्थान मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१८. फर्केको मितिः

१९. पेश गर्नुपर्ने कागजातः

(क) यात्रा गरेको टिकट (आतेजाते)

(ख) सञ्चालन भएको ठाउँमा दलसँग खिचिएको फोटो

(ग) अन्य कुनै सुझाव भए त्यसको प्रतिवेदन।

**प्रतिवेदन पेश गर्ने सम्पर्क अधिकृतकोः**

सहीः

नाम, थरः

कार्यालयः

फोन नं. कार्यालय...............

निवास.............

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ९

(दफा २८ को उपदफा (३) र दफा ३० को उपदफा (२) सँग सम्बन्धित)

### <u>पथप्रर्दशक (गाइड) को इजाजत तथा नवीकरण शुल्क</u>

| सि. नं. | किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु | | कैफियत |
|---|---|---|---|---|---|
| | | | छ महिनासम्म | म्याद नाघेको एक वर्षसम्म थप | |
| १ | पोर्टर गाइड | ५०० | ५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |
| २ | अन्य पथ प्रदर्शक | १००० | १००० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |
| ३ | जलयात्रा पथ प्रदर्शक | १२०० | १२०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |
| ४ | पदयात्रा प्रदर्शक | १५०० | १५०० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिशतका दरले थप। |
| ५ | सम्पर्क व्यक्ति | २००० | २००० | १०% | सो भन्दा पछि प्रत्येक वर्ष १० प्रतिशतका दरले थप। |

**<u>नोटः</u>** अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो अनुसूची मिति २०७९ साउन १ गतेदेखि लागु हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १०

(दफा ३१ सँग सम्बन्धित)

**पथप्रदर्शकको वर्गीकरण**

(१) धार्मिक पथप्रदर्शक (Religious Guide)

(२) पदयात्रा पथप्रदर्शक (Trekking Guide)

(३) जलयात्रा पथप्रदर्शक (River Guide)

(४) पर्वतीय प्रमुख पथप्रदर्शक (Mountain Leader)

(५) पर्वतीय पथप्रदर्शक (Mountain Guide)

(६) सांस्कृतिक पथप्रदर्शक (Culture and Tour Guide)

(७) छाँगो रोहण पथप्रदर्शक (Canyoning Guide)

(८) सफारी पथप्रदर्शक (Safari Guide)

(९) स्थानीय पथप्रदर्शक (Local Guide)

(१०) पोर्टर गाइड (Porter Guide)

(११) सम्पदा पथप्रदर्शक (Heritage Guide)

(१२) अन्य पथप्रदर्शक (Other Guide)

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ११
(दफा ६२ सँग सम्बन्धित)

**<u>शपथ</u>**

म.................................. सत्य निष्ठापूर्वक शपथ लिन्छु कि प्रदेश पर्यटन विकास समितिको प्रमुख कार्यकारी अधिकृतको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी समिति प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी अनुशासनमा रही प्रदेश पर्यटन ऐन, २०७८ र सो अन्तरगत बनेको नियमावली समेतको अधिनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु। मलाई ज्ञान हुन आएको कुनै गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाइ म आफ्नो पदमा बहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन।

**<u>शपथ ग्रहण गर्नेको</u>**

नाम, थरः

दस्तखतः

पदः

मितिः

**<u>शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको</u>**

नाम, थरः

दस्तखतः

पदः

मितिः

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# अनुसूची- १२

(दफा ८५ को उपदफा (१) सँग सम्बन्धित

**<u>सङ्घ दर्ता तथा नवीकरण शुल्क</u>**

| सि. नं. | सङ्घको किसिम | दर्ता शुल्क रु. | नवीकरण शुल्क रु. | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | म्याद नाघेको पैंतिस दिनसम्म | म्याद नाघेको | | | |
| | | | | तीन महिनासम्म थप | छ महिनासम्म थप | एक वर्षसम्म थप | |
| १. | जिल्ला विषयगत सङ्घ | २०,००० | १०,००० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप। |
| २. | जिल्ला सङ्घ | २५,००० | १२,५०० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप। |
| ३. | प्रदेश विषयगत सङ्घ | ३०,००० | १५,००० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप। |
| ४. | प्रदेश सङ्घ | ३५,००० | १७,५०० | १०% | २५% | ५०% | सोभन्दा पछि प्रत्येक वर्ष १०% का दरले थप। |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश